Vol. 1, Issue 6, March-April, 2014

# हट नेपाल

वर्ष १, अंक ६, वैशाख २०७१, मूल्य रू ३०।-



नयाँ वर्षमा
डेटिङ

नाम, दाम अनि
पलायन

नौ लाख तारा
गन्दै अम्बरपुत्र

अग्लो किल्ला
हाइटी दरबार

गौं लीको
अभिनय यात्रा

## नयाँ वर्ष उमंग

## महँगो फेसन


calvinklein.com
watches
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg, Kathmandu, Nepal.
Calvin Klein
swiss made

# Park Vision Inn

## Telkot, Nagarkot

*Vision Inn offers 9 deluxe rooms all with great view*



*Look deep into nature, and then you will understand everything better.* Albert Einstein



चिसो चिसो हावा, न्यानो न्यानो घाम,
खाउँ खाउँ लाग्ने खाना अनि सुन्दर र रमाइलो गाउँ

*Fascinating place overlooking a great IMAX view of the Kathmandu Valley*
*Vision gets clear, mind works better & body rejuvenates in the lap of nature*
*Who can't find time for recreation are obliged sooner or later to find time for illness*
*Indulge yourself with best quintessential cuisine from 'farm to table' by our chef*
*You don't need a silver fork to eat good food*





**For best rate and reservation :**
**Clarion Hotel, Jawalakhel, Patan clarion@wlink.com.np : Ph. 5524512 Mob. 9851076443**
**www.hotelclarion.com**

Vol. 1, Issue 6, March-April 2014

# हट नेपाल

वर्ष १, अंक ६, वैशाख २०७१

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : राजभाइ सुवाल

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
राजीव श्रेष्ठ, अजय देशार

**मार्केटिङ**
बबिता सिंखडा

**लेआउट/ग्राफिक**
श्याम स्याङ्बो

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
झोछें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
प्रिजम कलर स्क्यानिङ एण्ड प्रेस
सपोर्ट प्रालि, कुलेश्वर, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१

## १४ नयाँ वर्ष उमंग



गायिका रेखा शाह र कमल खत्रीको 'नजिक छौं' बोलको म्युजिक भिडियोमा कोरियोग्राफी गरेवापत बेष्ट इमेज अवार्ड जितेका अनुपमका लागि समष्टीगत रूपमा बितेको २०७० साल लाभदायक बन्यो ।

## १६ नयाँ वर्षमा डेटिङ



शहरिया पुस्ताको डेटिङ राति पनि हुनथालेको छ । रातको दस बजेपछि १२ बजेसम्म ठमेल व्यापक नाच्छ । कतै 'उध्रेको चोली छ है तैपनि लाइन्छ' भन्दै त कतै 'चिन्ता छैन केही मलाई अमेरिका यही'को तालमा रम्दै । एउटै भवनमा तल डान्स बार, माथि रोधी क्लबले रात्रि जीवनमा पनि प्रेमी जोडीहरूलाई तानेकै छ ।

## २२ तारा गन्दै अम्बरपुत्र



बाउ नौलाख ताराका गीत गाएर नेपाली स्वर्णिम संगीतमा अम्बर नै बने। तर, बाउले जस्तो गीत गाउने काम कहिले पनि गरेनन् किशोरले । बरू, सानैदेखि मादल, तबला र गितार उनको साथी भयो । विज्ञान तथा खगोलशास्त्रमा रूचि राख्ने उनले केही वर्षअगाडि अमेरिकाको हवाईबाट ल्याइएको टेलिस्कोपबाट हरेक रात तारा गन्न थालेका छन् ।

## ३६ चिन्डोभित्र संस्कृति



चीनको ताओ धर्मपरम्परामा चिन्डो बोकेर अजम्बरी भएका कथाहरु समेटिएका छन् । त्यो चिन्डोभित्र रक्सी, जादुमय औषधि रहेको र भगवानहरु त्यही खाएर अजम्बरी भएको वर्णन त्यस्ता कथामा उल्लेख छ ।


## ४० प्रतिविम्बको एक्लो यात्री



नाम कमाउन राजु सिंहले १८ वर्ष खर्चनुपर्‍यो । त्यो सफलताको चुलीमा राष्ट्रकवि माधव घिमिरेदेखि तन्नेरी पुस्ताका गीतकारसम्म उनका प्रिय बनेका छन् ।

Registration number **DAO KTM 216/070/71** I **Hot Nepal**, a monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** I **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 I **Email :** hotdreamnepal@gmail.com I Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# शुभ नयाँ वर्ष

नेपालमा धेरै किसिमका नयाँ वर्ष मनाइने गरे पनि विक्रम संवत्को नयाँ वर्षको महत्व बेग्लै छ । बेग्लै उत्साह बोकेर आउने नेपाली नयाँ वर्षलाई प्रत्येक वर्षजस्तै यो वर्ष पनि हामीले स्वागत गरिसकेका छौं । यसको मतलब पुरानो वर्षलाई चटक्कै बिर्सन पनि मिल्दैन । बितेको वर्षमा भए–गरेका कार्यहरूको मूल्यांकन हुनु आवश्यक छ । कसैको लागि २०७० नराम्रो भएर बित्यो होला ! धेरैको राम्रो पनि भएको हुनुपर्दछ । राम्रोसँग नराम्रो र नराम्रोसँग राम्रो पनि त जोडिएर आएको हुने गर्दछ । त्यसमाथि हरेक वर्ष शुभ या अशुभ हुने व्यक्ति आफैमा निर्भर हुने विषय हो । शुभ बनाउनका लागि हरेक वर्ष सबैले सत्कर्म गर्न अत्यन्त आवश्यक छ । सकारात्मक सोच र विचारले प्रत्येक नयाँ वर्षलाई रंगाउँदै अगाडि बढेमा त्यो वर्ष कदापि अशुभ हुँदैन । नकारात्मक सोचले अगाडि बढेको कार्यमा केही समय राम्रो बने पनि अन्ततः नराम्रै तथा अशुभ नै हुन्छ । अशुभ बनाउने कार्य कसैबाट पनि हुनु हुँदैन । जिन्दगी हरेकको सुन्दर उपवन हो । यसलाई अझ सुन्दर बनाउनका लागि सकारात्मक संकल्पको आवश्यकता हुने गर्दछ । त्यो संकल्पले जिन्दगी अवश्य पनि सुन्दर बनाउन सहयोग गर्छ । त्यसमाथि निराशाका बीचबाट आशाको दियो पनि बाल्न जानेमा जिन्दगी असफल हुनै सक्दैन । यही प्रमुख कडी बोकेर हिंड्नेको वर्षको हरेक दिन नै शुभ हुन्छ ।

बितेको वर्षमा भए–गरेका राम्रा तथा नराम्रा कामका बारेमा समीक्षा गरिनु आवश्यक छ । नराम्रै भएको भए पनि के कारणले नराम्रो भएको हो भनेर आत्मसमीक्षा गरेर गल्तीलाई सच्याएर नयाँ वर्षमा अगाडि बढ्न सहज हुने गर्दछ । बितेको २०७० सालकै कुरा गर्ने हो भने त्यो वर्ष मुलुकको लागि चुनौतीको वर्ष नै भयो । आशा तथा निराशाका बीचमा त्यो वर्ष बितेको पाइयो । चुनौतीपूर्ण दोस्रो संविधानसभाको चुनाव सम्पन्न हुनु नै २०७० को प्रमुख उपलब्धि मानिए पनि नयाँ वर्ष २०७१ मा त्यसको जिम्मेवारी थपिएको महसुस भएको छ । संविधानसभाको चुनाव त भयो अब यो वर्ष नेपाली जनताको ठूलो आशा र भरोसाको केन्द्र रहेको संविधान बनेर जनसमक्ष आउने हो या होइन ? यो नै कौतुहलको विषय बनेको छ । चुनाव चुनौतीपूर्ण रूपमा सम्पन्न भएजस्तै संविधान बनेर आउने हो या होइन ? यो हालसम्म आशंकापूर्ण विषय नै बनिरहेको छ । आशंकाकै घेराभित्र रहे पनि २०७१ भित्र नयाँ संविधान जनसमक्ष आउन सकेमा मुलुकले नयाँ दिशावोध अवश्य पाउनेछ । नेपाली जनताले चाहेको अनि खोजेको संविधान पाउनेछन् भन्ने अपेक्षा सबैले गर्ने पर्दछ । मुलुक हाँक्ने नेताहरूको यस कार्यमा सकारात्मक सोच र त्यागपूर्ण कार्यशैली जरूरी छ । नेपाली जनताको नामबाट राजनीति गर्ने नेताहरूले धोकाबाजी नगर्ने संकल्प लिएर कार्य थालनी गरे शुभ हुनेमा कुनै शंका छैन ।

मनोरञ्जन क्षेत्रतिर दृष्टि पुऱ्याउने हो भने मुलुकको राजनीति बिथोलिएकैले यस क्षेत्रले समेत आशा गरेजस्तो उपलब्धि हासिल गर्न नसकेको स्पष्ट भएको छ । अस्थिर राजनीति तथा अव्यवस्थाले गर्दा एक अर्ब बराबरको फिल्म व्यापार पानीमा गएको छ । गत वर्ष १ सय ५ वटाभन्दा बढी नेपाली फिल्म रिलिज भएको आंकडाले देखाए पनि 'काली' तथा 'झोला' बाहेक अरूले करोडको व्यापार गर्न सकेनन् । धेरैको लगानी बालुवामा पानी हालेजस्तो भएको छ । ती कतिपय चलचित्र निर्माताले फिल्ममा लगानी गर्नु भनेको सिस्नोको झ्याङमा पैसा हुत्याउनु बराबर भइसकेको छ । फिल्म बजारको वर्तमान स्थिति यस्तो देखिए पनि नेपाली फिल्म बनाउनेहरूको उत्साहमा कमी आएको देखिंदैन । वर्षमा पचासदेखि सत्तरीको हाराहारीमा चलचित्र निर्माण भइरहेका छन् ।

पछिल्लो समय नेपालीहरु वैदेशिक रोजगारीका लागि बढी जाने मलेसिया, कोरिया, दुबई तथा खाडी मुलुक लगायतमा नेपाली चलचित्रको मार्केटिङ गर्ने सोचका साथ त्यसैतर्फ नेपाली चलचित्रका कथावस्तुलाई केन्द्रित गर्न थालिएको छ । राहदानी, नागबेली जस्ता चलचित्र विदेशका ४२ भन्दा बढी थियटरबाट रिलिज गर्ने लक्ष्यका साथ यो नयाँ वर्षबाट योजना बनाइनुलाई शुभ संकेत मानिएको छ । नेपालको बजारले मात्र नेपाली चलचित्रमा गरिएको लगानी उठ्ने अवस्था देखिंदैन । त्यसको लागि वैदेशिक बजार अत्यन्त आवश्यक भइसकेको छ । वैदेशिक बजार नेपाली चलचित्र निर्माताहरूले नखोजी चलचित्रको व्यापारलाई उँभो पार्न अब असम्भव भइसकेको छ । नेपाली चलचित्रको बजार जस्तै नेपाली फेसनको बजारलाई पनि व्यापक बनाउन आयात व्यापार घटाएर निर्यात व्यापार बढाउन आवश्यक छ । यस अर्थमा सबैतिर दूरगामी बृहत् सोचको आवश्यकता महसुस गरिएको छ । यो सोचलाई मूर्त रूप दिन सकेमा हरेक वर्ष क्यालेण्डर फेरिएर आउने नयाँ वर्ष अवश्य पनि शुभ हुनेछ । नयाँ वर्ष २०७१ को अवसरमा सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय शुभकामना ! यो नयाँ वर्षको हरेक दिन सबैको शुभ होस् !

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

अस्थिर राजनीति तथा अव्यवस्थाले गर्दा एक अर्ब बराबरको फिल्म व्यापार पानीमा गएको छ। गत वर्ष १ सय ५ वटाभन्दा बढी नेपाली फिल्म रिलिज भएको आंकडाले देखाए पनि 'काली' तथा 'झोला' चलचित्रले बाहेक अरुले करोडको व्यापार गर्न सकेनन्। धेरैको लगानी बालुवामा पानी हालेजस्तो भएको छ। ती कतिपय चलचित्र निर्माताले फिल्ममा लगानी गर्नु भनेको सिस्नोको झ्याङमा पैसा हुत्याउनु बराबर भइसकेको छ। फिल्म बजारको वर्तमान स्थिति यस्तो देखिए पनि नेपाली फिल्म बनाउनेहरूको उत्साहमा कमी आएको देखिंदैन।

## ● बोल्ड एण्ड ब्युटीफूल

नेपाली समसामयिक पत्रिकामा बेग्लै स्टाइलमा निस्केको हट नेपालको नयाँ अंक ५ पनि हेर्ने मौका पाएँ । म यस पत्रिकाको नियमित ग्राहक नै बनिसकेकी छु । यो अंकको इन्दिरा जोशीको बोल्ड एण्ड ब्युटीफूल कभर नै मलाई ज्यादै मनमोहक लाग्यो । इन्दिराको स्टोरी मलाई बढी मन पऱ्यो । ब्युटी टिप्सलाई यो अंकमा स्थान दिइएनछ ! दुःख लाग्यो । सुन्दर बन्न चाहनेहरूका लागि आवश्यक यस किसिमका स्तम्भलाई निरन्तरता दिन विशेष आग्रह गर्दछु ।

*-शान्ति श्रेष्ठ, घट्टेकुलो-३२, काठमाडौं*

## ● विषयको राम्रो चयन

हट नेपालको अंक ५ को विशेष आलेख जस्तो लाग्ने यौनजिज्ञासा निवारणका सहजकर्ता विषय अत्यन्त राम्रो छानिएको पाइएको छ । यससँग सम्बन्धित सबैलाई समेटिने प्रयास भएको छ । जुन राम्रो पक्ष हुँदा-हुँदै पनि लेखनशैलीमा विश्वविद्यालयको थेसिस लेखन जस्तो भएबाट नुन नपुगेको तरकारीजस्तो लाग्यो । दिल खोलेर मज्जाले पत्रिकाको शैलीमा लेख्न म लेखक महोदयलाई आग्रह गर्न चाहन्छु ।

*-शरण जोशी, रानीपौवा, पोखरा*

## ● लिमिटेसनमा औषधि

मदिरा व्यवसायी महासंघका अध्यक्ष नवीनलाल श्रेष्ठको लाइफ स्टाइल हट नेपालको अंक ५ मा पढ्न पाएँ । लिमिटेसनमा




मदिरा सेवन गर्ने हो भने औषधि नै हो र अनलिमिटेसन भएमा यसले अवश्य पनि खराबी गर्ने यथार्थ पस्कने व्यवसायी श्रेष्ठलाई म धन्यबाद भन्न म चाहन्छु ।

*- ईश्वर पिया, नारायणगढ, चितवन*

## ●रूपरंग मन परेन

चिनियाँ मोडल लिउ वनको बारेमा हट-नेपालको अंक ५ मा पढ्ने मौका पाएँ । हिन्दुस्तानी र नेपाली चिटिक्क परेका मोडल हेर्ने बानी परेका हामी नेपालीलाई चिनियाँ मोडल लिउ वनको रूपरंगले खासै आकर्षण गर्न सकेन । लिउ वनको जीउ-ज्यानले मलाई आकर्षित पार्न सकेन । मलाई त नेपाली र भारतीय मूलका मोडलहरु नै मन पर्दछ ।

*- रितेश खनाल, उर्लावारी, मोरङ*

## ● विकृतिको पर्दाफास

नेपाली गीतका म्युजिक भिडियोमा सित्तैमा अभिनय गर्ने र सित्तैमा भिडियो बनाइदिनेहरूबारेको खोजमूलक कभर स्टोरीले यसतर्फ धमाधम विकृति आउन थालेको औंल्याउने प्रयास भएको छ । त्यसको लागि सम्पादकलाई धन्यवाद दिन चाहन्छु । साथमा लुभुको परिचय बन्न सफल कालो-बाज ब्याण्डलाई लाखौं पाठकसमक्ष ल्याउन हट नेपालले गरेको प्रयास सह्राहनीय छ ।

*-देवेन्द्र योञ्जन, इमाडोल, ग्वार्को*

## ● परिवारप्रेमी व्यापारी

हट नेपालको पाँचौं अंकमा छापिएको 'नवीनको परिवारप्रेम' शीर्षक जीवनशैली स्तम्भमा मेरो विशेष ध्यान गयो । प्रायः पैसावाला उद्योगपति तथा व्यापारीहरूले घरबाहिर उपपत्नी राख्ने, गर्लफ्रेन्ड राख्ने र घरकी पत्नी तथा छोराछोरीलाई समय नदिने गरेको गुनासो सुनिने गरेको छ । केही व्यवसायीका त्यस किसिमका कृयाकलाप त मिडियामा पनि आएका छन् तर यस मामलामा नवीनलाल अलि फरक रहेछन् । उनी घरमा पत्नीले बोलाउनासाथ पुग्दा रहेछन् र छोराछोरीको हेरचाहमा विशेष ख्याल गर्दा रहेछन् । कतिपयले बाहिर केटी घुमाउनेहरूले साखुल्य पल्टिन यस्ता झुट्टा कुरा पनि गर्ने गर्छन् । जे होस् नवीनलालले भनाइजस्तै व्यवहार पनि देखाएका भए यो उनको राम्रो काम हो । उनीजस्तो परिवारप्रेमी हुन अन्य व्यवसायीले पनि सिक्नुपर्छ ।

*- रश्मिला शाक्य, लगनटोल, काठमाडौं*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal



## कर्णको ‘अल द बेष्ट’ सार्वजनिक




सकारात्मक सोच र स्वरोजगार अभियन्ता एवं उद्यमी कर्ण शाक्यको नयाँ पुस्तक 'अल द बेष्ट' सार्वजनिक भएको छ । पूर्व प्रधानमन्त्री एवं एकीकृत माओवादीका नेता डा. बाबुराम भट्टराईले काठमाडौंमा आयोजित विशेष समारोहमा पुस्तकको विमोचन गरेका हुन् । पुस्तक विमोचन समारोहमा बोल्दै डा. भट्टराईले निकै लामो समय देश राजनीतिक क्रान्तिका लागि रूमलिएकाले आर्थिक क्रान्तिमा पनि ढिलाइ हुनपगेको बताए । १० वर्ष ग्रामीण जनताको सहयोगमा ध्वंसात्मक क्रान्ति गरे पनि अब शहरी क्षेत्रका उद्यमीको साथमा आर्थिक क्रान्ति गर्ने समय आएको धारणा राख्दै कर्ण शाक्यको नागरिक स्वरोजगारको अवधारणाबाट मुलुक सम्पन्न पार्ने सकारात्मक सोचलाई नेपाली युवाले आत्मसाथ गर्नुपर्ने बताए । पुस्तकका लेखक शाक्यले आफू र आफ्नो समाज नबनेसम्म देश नबन्ने उदाहरण दिँदै हरेक नागरिकले हरेक कामलाई सकारात्मक सोच लिएर सम्मान गर्नुपर्ने बताए । आफ्नो हरेक जन्म दिन नयाँ कर्म गरेर सफल बनाउने उद्देश्यले ७२ औं जन्मदिनको अवसरमा 'अल द बेष्ट' पुस्तकको प्रकाशन र युवा स्वरोजगार अभियान सञ्चालन गरेको उनले जानकारी दिए । आफ्नो जन्मदिन र काठमाडौंको बूढानीलकन्ठमा रहेको पार्क भिलेज रिसोर्टको १२ औं वार्षिकोत्सवको अवसर पारेर प्रकाशन गरिएको अंग्रेजी भाषाको पुस्तक 'अल द बेष्ट'मा युवा स्वरोजगार, देश विकासका लागि सकारात्मक चिन्तनमा केन्द्रित रहेको छ ।

## अब झरना निर्देशक बन्ने

कामको बोझ कम हुन थालेपछि नायिका झरना थापाको नजर रेखा थापाको जस्तै निर्देशनतिर परेको छ । रेखा थापाले निर्देशन गर्दै गरेका निर्देशक श्याम भट्टराईलाई चलचित्र हिम्मतवालीको निर्देशनको मोर्चा सम्हालेपछि झरनामा पनि त्यसप्रकारको जोश चढेको अनुमान लगाइएको छ । आधा दर्जनभन्दा बढी चलचित्र निर्माण गरिसकेकी झरनाका लागि चलचित्र निर्माण गर्नु नौलो होइन । चलचित्र निर्माण गर्नु र अभिनय गर्नु फरक पाटो हो । निर्देशन गर्नु त अझ त्यसलाई हाँक्नु हो । नायिका बन्न चलचित्र निर्माण गर्दै आएकी झरनाले केही पर्षयता चलचित्रबाट घाटा सहँदै आएकी थिइन् । घाटा पूर्ति गर्नका लागि दशैं-तिहार नभनी विदेशका कन्सर्टमा व्यस्त बन्न थालेकी थिइन् । यिनै नायिका आफू अभिनय गर्न नभई पैसा कमाउन चलचित्र निर्देशन गर्न कम्मर कसेको बताएकी छन् । झरनाको यो चाहनालाई चलचित्र निर्माता तथा वितरक करन क्रेजीले पूरा गरिदिने भएका छन् । क्रेजीले झरनालाई आफ्नो चलचित्र निर्देशन गरिदिन अफर गरिसकेको जानकारी प्राप्त भएको छ । वर्षमा दुई वटासम्म चलचित्र निर्देशन गर्ने आफ्नो लक्ष्य रहेको बताउने झरनाको निर्देशक बन्ने चाहनालाई पूरा गरिदिन कति क्रेजीहरु उनको जिन्दगीमा आउने हो, त्यो हेर्न बाँकी छ ।

## रेखाले निर्देशकको पर्दाफास गर्ने

चलचित्र हिम्मतवालीलाई हिम्मतकासाथ हाँकिरहेकी नायिका रेखा थापाले चाँडै नै सोही चलचित्रबाट हटेका निर्देशक श्याम भट्टराईको करतुत पर्दाफास गर्ने बनाएकी छन् । सुदूरपश्चिम नेपालमा हिम्मतवालीको केही दिनको छायांकनको क्रममा पहिलो दिनबाटै निर्देशक भट्टराईका 'करतुत'लाई भिडियो रेकर्ड गर्दै आएकी रेखाले परिआएको खण्डमा त्यसलाई खुलासा गर्ने भनेकी छन् । अलि रसिक मिजासका निर्देशक भट्टराईको कमजोरी केटी र रक्सी हो भन्ने नेपाली सिनेमा उद्योगका प्रायःलाई थाहा भएकै हो । हिम्मतवालीको छायांकनको बेला यी दुईमध्ये कुन कमजोरी देखाएका हुन भन्ने खुलासा भएको छैन । यी दुई कमजोरीको नै रेखाले भिडियो रेकर्ड गरेकी हुन् भने रेखाले हिम्मत गरेको भन्नै पर्दछ । हिम्मतवालीबाट हटेर काठमाडौं आएपछि रेखाको विरूद्ध उत्रिएका निर्देशक भट्टराई रेखाको त्यसप्रकारको धम्की आएपछि चुप बनेका छन् । कमजोरीको पर्दाफास हुने डरले रेखाको बारेमा निर्देशक भट्टराई केही बोल्न चाहँदैनन् । हिम्मतवाली प्रोजेक्ट साइन गर्नु नै आफ्नो कमजोरी हो भनेर भट्टराई आफैलाई धिक्कार्ने गरेको पाइएको छ ।

## गोविन्द राई अब निर्देशक



२० वर्षभन्दा लामो समय नृत्य-निर्देशक भएर काय गरिसकेका गोविन्द राई अब निर्देशक बनेका छन् । राईको निर्देशनमा चलचित्र नागबेली तयार भएको छ । नयाँ वर्ष २०७१ को असार २७ गते रिलिज गर्ने घोषणा पनि राईबाट भएको छ । नेपाली युवाहरूको वास्तविक कथा भनिएको नागबेलीमा दयाहाङ् राई, हर्षिका श्रेष्ठ, एसराज, संभव श्रेष्ठ लगायतको अभिनय रहेको छ । साथमा नीर शाह, रूपा राना, शीलाबहादुर मोक्तान र रमण घिमिरेको पनि विशेष अभिनय रहेको भए पनि यसलाई निर्देशक राईले लुकाउन चाहे । किन लुकाउन खोजेको हो ? त्यसबारेमा पछि मात्र सार्वजनिक गर्ने उनले बताएका छन् ।

## नि:शुल्क स्वास्थ्य शिविरमा चिनियाँ राजदूत




नेपालका लागि चिनियाँ राजदूत ऊ छुन्थाईले नेपाल र चीनबीच हजारौं वर्ष पुरानो मैत्री सम्बन्धलाई अझै प्रगाढ बनाउनुपर्ने बताएका छन् । सिन्धुपाल्चोकको बाह्रबिसेको किस्टोन अस्पतालमा अरनिको समाज र चीनको शन्चन् छाओछिङद्वारा आयोजित मोतियाविन्दुको नि:शुल्क अपरेशनको उद्घाटन कार्यक्रममा राजदूत छुन्थाईले सो बताएका हुन् । कार्यक्रममा राजदूत छुन्थाईले चीन र नेपालबीच दौत्य सम्बन्ध स्थापना भएको ६० वर्षको अवधिमा नेपालको आर्थिक तथा सामाजिक विकासमा थुप्रै नि:स्वार्थ सहयोग गरेको स्मरण गरे । छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई प्रगाढ राख्दै आफ्नो र छिमेकी देशको विकासको निम्ति क्रियाशील हुने चीनको स्पष्ट नीति भएको उनले बताए । सोही कार्यक्रममा सिन्धुपाल्चोक जिल्लाका सभासद्हरू अग्नि सापकोटा, मोहन बस्नेत तथा शेरबहादुर तामाङले नेपाल र चीनको परम्परादेखिको आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउन यो कार्यक्रमले सहयोग गरेको धारणा राखे । कार्यक्रममा अरनिको समाजका अध्यक्ष डा.सर्वोत्तम श्रेष्ठले चीनको सानचाङ राज्यका युवा उद्यमीहरूको संस्थाले बुद्धभूमि नेपालमा यो कार्यक्रम आयोजना गर्ने इच्छा गरे बमोजिम नि:शुल्क शिविरको आयोजना गरिएको जानकारी दिए । उज्यालोतिर शीर्षकमा आयोजित सो शिविरमा चीनका वरिष्ठ आँखा रोग विशेषज्ञ याउ च्याउ र लेन हाउ तथा नेपाली चिकित्सकको टोलीले सिन्धुपाल्चोकका मोतियाविन्दुका रोगीहरूको नि:शुल्क अपरेशन गरेको थियो ।

## काठमाडौंमा चिनियाँ फोटो प्रदर्शनी



काठमाडौंमा पैचिङको सामाजिक तथा साँस्कृतिक जनजीवनसम्बन्धी फोटो प्रदर्शनी गरिएको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा पैचिङ एनजिओ एशोसिएसनको संयुक्त आयोजनामा सो फोटो प्रदर्शनीको आयोजना गरिएको हो । नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान नक्सालमा आयोजित फोटो प्रदर्शनी समुद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति किरण मानन्धरले प्राचीनकालदेखि प्रगाढ नेपाल-चीन मैत्रीलाई कलाकारिता र फोटोग्राफीको माध्यमबाट चीनसँगै मिलेर जाने नेपाली कलाकारहरूको अभिलाषा भएको बताए । समारोहमा बोल्दै पैचिङ महिला महासंघका सह काउन्सेल चाओ चीङले ऐतिहासिक कालदेखि प्रगाढ नेपाल-चीन मैत्रीलाई शैक्षिक तथा साँस्कृतिक कार्यक्रमहरूको माध्यमबाट जनस्तरसम्म विकसित गर्ने उद्देश्यले फोटो प्रदर्शनी आयोजना गरिएको बताइन् । यस पटकको प्रदर्शनी सानो भए पनि भविष्यमा पैचिङ महिला महासंघले नेपालका कलाकारहरूसँग मिलेर ठूला कार्यक्रम समेत गर्ने जानकारी दिँदै चाओ चीङले दुवै मुलुकबीचका कलाकारहरूले एक अर्कालाई राम्ररी बुझ्न र सिक्न भ्रमण आदानप्रदान कार्यक्रमको आयोजना हुनुपर्नेमा जोड दिइन् । नेपाल-चीन शैक्षिक तथा साँस्कृति परिषद्का अध्यक्ष डा. हरिश्चन्द्र साहले दुई देशबीचको सम्बन्धलाई जनताको तहसम्म पुऱ्याउन र चिनियाँ जनताको जनजीवनबारे बुझ्न फोटो प्रदर्शनी महत्वपूर्ण भएको धारणा राखे । प्रदर्शनीमा चीनको राजधानी पैचिङका सामाजिक, साँस्कृतिक, ललितकला, चित्रकला, पर्यावरण, बाल तथा बृद्ध स्वास्थ्य एवं जनस्वयंसेवा सम्बन्धी विविध गतिविधि झल्कने ६० वटा फोटो राखिएको थियो ।

## राहदानी अब १६ मुलुकमा



खाडी मुलुकमा कार्यरत २७ लाख नेपालीको वास्तविक कथामा चलचित्र राहदानी निर्माण भएको छ । १६ वटा मुलुकमा एकसाथ च्यारिटी-शो गर्न लागिएको चलचित्र राहदानीमा रूपा खनाल, दयाहाङ् राई, बिनिता घिमिरे, अशोक सिलवाल, सिर्जना सुब्बा लगायतका कलकारहरूको अभिनय रहेको छ । निर्देशन चलचित्र पत्रकार डब्बु क्षेत्रीले गरेका छन् । पत्रकार क्षेत्रीले पत्रकारिता र चलचित्र निर्देशनलाई एकसाथ लाने बताएका छन् ।

## शम्भु प्रधानको रंग-बैजनी



१२ वर्ष लामो गुप्तवासपछि पुराना निर्देशक शंभु प्रधान जुर्मुराएका छन् । उनले नयाँ चलचित्र रंग-बैजनी निर्माण गर्न कम्मर कसेका छन् । केही दिनअगाडि मात्र चलचित्र रंग-बैजनीको गीत रेकर्डिङ् सम्पन्न गरेका निर्देशक प्रधानले फिल्मबाट नयाँ कथा उत्थान गर्ने जमर्कोमा रहेको बताइएको छ । नारीको शत्रु नारी भन्ने नेपाली परम्परात मूल्य तथा मान्यतालाई तोड्ने कार्य यस फिल्मबाट हुने जनाइएको छ । बरू, ती नारी एक अर्कोको सहयोगी तथा साथीको रूपमा नौलो ढंगबाट चलचित्र रंग-बैजनीमा प्रस्तुत गर्न लागिएको निर्देशक प्रधानले बताएका छन् ।

# आशिष्माको महँगो फेसन

फिल्मका हिरोइनहरु फेसनेवल भएनन् भने उनीहरु आकर्षक देखिंदैनन् । फिल्मलाइनमा काम गरेपछि हिरोइनहरु अरूको तुलनामा अलि बढी फेसनेवल नै हुने गर्दछन् । ती फेसनेवल हिरोइनहरु अरूमा भन्दा फेसनेवल कपडा तथा कस्मेटिकमा खर्च गर्न पछि पर्दैनन् । कहिलेकाहीं ती हिरोइनहरूको आम्दानीभन्दा खर्च बढी नै हुने गर्दछ । शो-बिजनेस मानिने फिल्ममा काम गर्ने हिरोइनहरु फेसनेवल हुनु रहरभन्दा बाध्यता भएको पछिल्लो पुस्ताकी हिरोइन आशिष्मा नकर्मीको ठहर छ ।

त्यसको मतलब बिहान कुनै कार्यक्रममा जाँदा लगाइएको कपडा दिउँसो नलगाउने र दिनमा नै चार-पाँचपल्ट फेर्ने आफ्नो बानी नभएको बताउने आशिष्माको फेसनमा औसत मासिक ४० हजारसम्म खर्च हुने गर्दछ । कतिपय समय फिल्मबाट कमाएको पैसाले थेग्न नसक्ने हुँदा डैडी-मम्मीको शरणमा पनि पर्नुपर्ने बताउने आशिष्माको फेसनको परिभाषामा ड्रेसअप, मेकअप र रेष्टुरेन्ट हो । मेकअप त विभिन्न फिल्ममा काम गर्दा आफैले जानेकोले आम हिरोइनहरु जस्तो हरेक दिन जस्तो ब्युटीपार्लर जान नपरेर अलि खर्च जोगिएको र बढ्दो महंगीमा कहिलेकाहीं रेष्टुरेन्टमा जाँदा ढाड सेकिने गरेको खुलासा गर्ने आशिष्मा अमेरिकाको वेष्ट भर्जिनिया युनिभर्सिटीबाट हस्पिटालिटी म्यानेजमेन्टमा ग्र्याजुएट पनि हुन् ।

अमेरिकामा पाँच वर्ष अध्ययनको सिलसिलामा वेष्ट भर्जिनिया, टेक्सास र न्युयोर्क लगायतका स्थानमा नै आशिष्माको अधिकांश समय बित्यो । 'पढाइको सिलसिलामा डलरमा कमाइ गरियो र डलरमा नै खर्च गरियो, त्यसको खासै लेखाजोखा गरिएन', आशिष्मा भन्छिन् ।

'अमेरिका मेरो सपना नभई चाहना मात्र हो । मलाई अमेरिका बस्ने चाहना कहिले पनि भएन । अमेरिकामा पढ्ने चाहना थियो र त्यो चाहना पूरा गरेर नेपाल फर्कें'- आशिष्मा अगाडि भन्छिन्- 'अमेरिका मेरो सपना भएको भए म अरूजस्तै अवश्य पनि ग्रीनकार्ड होल्डर बन्न सक्ने थिएँ । त्यो मेरो लागि ठूलो कुरा थिएन । मलाई आफ्नै देशमा सिम्पल लाइफ बिताउने चाहना भएकाले नेपाल फर्केकी हुँ ! जिन्दगी सरल ढंगबाट अगाडि बढाउनु पर्दछ । डबल स्टाण्डर्ड जिन्दगी बाँच्न म सक्तिन । यसले गर्दा पनि ग्रीनकार्ड होल्डर बन्ने सपना मैले कहिले पनि लिइन । शायद भविष्यमा पनि सोच्दिन होला !'


पपु मदुम्ह फँग, न्यॉल्ल-ब्यॉं, तारेमाम, हिसि मदु, मु मदुगु जिन्दगीलगायत नेपालभाषाका दर्जनौं फिल्म तथा अन्तराल, सिक्स फिट लाइफ, राघव, तोरीलाहुरे, बुद्ध बर्न इन नेपाल तथा अधकट्टीजस्ता आधा दर्जन नेपाली फिल्ममा समेत हिरोइन बनिसकेकी आशिष्माको लागि २०७० साल सुखद नै रह्यो । २०७० सालमा फिल्ममा अत्यन्त व्यस्त बन्न पाएको र शायद नयाँ वर्ष २०७१ मा पनि त्यतिकै व्यस्त बन्ने संकेत प्राप्त भएको आशिष्माले बताएकी छन् । तीनवटा फिल्म साइन भइसकेकोले पनि २०७१ को प्रारम्भमा नै शुभ हुने पक्का भएको आशिष्माको विश्वास छ ।



तस्वीर : राजभाइ सुवाल
क्रियटिभ डी. स्टुडियो, मैतीदेवी
लोकेशन : कैरा बुटिक, सिटी सेन्टर
मेकअप : बद्री बस्नेत
केस सज्जा : शान्ति डंगोल



झरना थापा



नीता ढुंगाना



तिर्सना बुढाथोकी

## फेसनमा कोही सस्ता त कोही महँगै

फेसनेवल हिरोइन झरना थापाको दैनिकी नियाल्ने हो भने आशिष्माको दैनिकीजस्तै महँगो छ । झरना आफै कार हाँक्छिन् । पोस्टपेड मोबाइलमा उत्तिकै खर्च हुन्छ । त्यसबाहेक साथी, पाहुनासँगको भेटघाटमा दिल खोलेर खर्च गर्ने झरनाको बढी खर्च गाडीमा हुने गरेको छ । गाडीपछि सुन्दरी हुन आवश्यक कस्मेटिक तथा ड्रेसअपमा खर्च हुने भनिए पनि यति नै खर्च हुन्छ भनेर झरनाले यकिनकासाथ भन्न चाहिनन् ।

पछिल्लो पुस्ताकी हिट हिरोइन नीता ढुंगाना केही वर्षअगाडि स्कुटर दुर्घटनामा परेयता ट्याक्सीमा नै हिंड्न रूचाउँछिन् । ट्याक्सीमा मात्र मासिक १८ देखि २० हजार रूपियाँ खर्च हुने गरेको बताउने नीताले ड्रेसअप र ब्युटीपार्लरमा १० देखि १५ हजार छुट्याउने गरेकी छन् ।

नीताजस्तै राम्री अनि हिस्सी परेकी हिरोइन केकी अधिकारीको पनि मासिक सरदर ४० हजार खर्च हुने गर्दछ । स्कुटी, पार्लर, फिटनेस, फेसनेवल ड्रेस लगायतमा नै केकीको बढी खर्च हुने गरेको छ । नव-नायिका अनु शाह ड्रेस तथा पार्लर लगायतमा लगभग मासिक १० हजार खर्च हुने गरेको बताउँछिन् ।

अर्की हिरोइन बेनिशा हमाल जुत्ताको निक्कै शोखिन रहिछिन् । नयाँ मोडलको कुनै पनि प्रकारको फेसनेवल जुत्ता हमालको लागि पहिलो रोजाइ बन्ने गरेको छ । जस्तोसुकै महँगो भए पनि जुत्तामा दिल खोलेर खर्च गर्न हमाल पछि पर्दिनन् । फेसनेवल बन्न बढीमा सात हजारसम्म मात्र मासिक सरदर खर्च गर्ने गरेको उनले बताएकी छन् । मोडल हिरोइन तिर्सना बुढाथोकीको बढी खर्च फेसनेवल ड्रेस तथा कस्मेटिक र पार्लरमा नै हुने गरेको छ । जोगाएर खर्च गर्दा पनि फेसनमा २० हजार सरदर मासिक खर्च हुने तिर्सनाले बताएकी छन् ।

बोल्ड हिरोइन जोस्ना फुयाँल भने कस्मेटिकमा कम र फेसनेवल ड्रेसअपमा बढी खर्च हुने स्वीकार गर्छिन् । जोस्ना व्यक्तिगत रूपमा कति खर्च हुन्छ भन्ने लेखाजोखा आफूले राख्न छाडेको बताउँछिन् । चर्चित हिरोइन रेखा थापाको भनाइ पनि जोस्नासँग मिल्दोजुल्दो छ । रेखाले पनि हिसाबकिताब गर्न छाडेकी छन् । उनले भनिन्- 'रेखाको फेसनको लागि अब हिसाब बेकार छ ।'

## फेसन शोको प्रभाव

काठमाडौं न्यूरोडकी सुस्मिता अग्रवाल फेसन टेलिभिजन हेर्नुलाई नराम्रो मान्दिनन् । फेसन टेलिभिजनमा विभिन्न मुलुकमा हुने विभिन्न फेसन-शो आउने गर्दछ । यसले गर्दा कुन मुलुकमा कस्ता फेसन आएछ भन्ने बारेमा अपडेट हुन पाइने र सोही अनुरूप फेसन गर्ने गरेको अग्रवालले बताएकी छन् ।

त्यसै गरेर, महाराजगंजकी निरूका शर्मा त काठमाडौंमा हुने प्रायः फेसन-शो हेर्न जान चुक्दिनन् । फेसन-शोले नयाँ पहिरनको जानकारी मात्र नदिई कस्तो ज्यानमा कस्ता पहिरन फिटिङ हुन्छ भन्ने थाहा पनि पाइने भएबाट फेसन-शो हेर्न जान रूचाउने गरेको शर्मा बताउँछिन् । उनले अगाडि भनिन्- 'फेसन-शो पहिरनको दर्पण नै हो ।'

फेसन-शो समयानुकूल पहिरनको



दर्पण नै हो । फेसन डिजाइनरहरूले विभिन्न जीउडाल तथा रूपका मोडलका लागि अनुकूल हुने गरी तयार पारेका कपडा लगाएर क्याटवाक गर्नुलाई नै फेसन-शो भन्ने गरिन्छ । चालिसको दशकबाट नेपालमा पनि फेसन-शोको बाढी नै आएको देखिन्छ । त्यसअघि नेपालीहरु फेसनप्रति जागरूक भए पनि न्याम्पमा गएर मोडलहरूले क्याटवाक गर्दै फेसन-शो गर्ने प्रचलन थिएन ।

बदलिंदो समय तथा परिवेशसँगै फेसन-शो पनि हुन थाल्यो र फेसन डिजाइनर तथा बुटिकको संख्यामा वृद्धि हुन थाल्यो । यसले गर्दा कुनै पनि नयाँ पहिरनको सिर्जना हुनासाथ फेसन डिजाइनर तथा बुटिकहरूले फेसन-शो गर्न थाले । ती फेसन-शो हेर्न जानेहरूको जमात पनि बढ्न थाल्यो । पछि फेसनप्रति सचेत प्रायः कुन ठाउँमा कतिखेर फेसन-शो हुने हो भनेर खोजी गरेर जानेहरूको संख्यामा कमी भएन ।

यसले गर्दा फेसन-शो व्यावसायिक पहिरनको प्रवर्द्धनको माध्यम नै हुन थाल्यो । हिजोआज त अझ पहिरन प्रवर्द्धनका लागि मात्र नभई फेसन-शोलाई कुनै व्यापारिक प्रतिष्ठानको उत्पादनलाई जनसमक्ष प्रस्तुत गर्ने नौलो माध्यमका रूपमा पनि लिने गरिएको छ । यसर्थ, फेसन-शोले नयाँ मोड तथा व्यावसायिकता ल्याएको छ भन्न करै लागेको पुरानो पुस्ताकी मोडल तथा बुटिक व्यवसायी विपना खड्काको भनाइ छ ।

रहरले मोडलिङ गर्नेहरु व्यावसायिक मोडल बन्न पाएका छन् । उनीहरूको माग दिनानुदिन बढेकै छ । बुटिक तथा फेसन-डिजाइनरहरु हात बाँधेर बस्नु पर्ने स्थिति अन्त्य भएको छ । जनमानसले नयाँ पहिरन तथा व्यापारिक प्रष्ठिानका वस्तुको बारेमा राम्ररी जानकारी पाउन सहजता पाउने गरेको छ । यसले गर्दा पनि हिजोका दिनमा फेसन-शोमा क्याटवाक गर्दै नेपाली मोडलिङमा अब्बल दर्जाको स्थान कायम गर्न सफलता प्राप्त गरेको बताउने मोडल हिरोइन क्षितिजा शाक्यले अझै पनि पाएसम्म फेसन-शोमा क्याटवाक गर्न पछि नहटेको बताएकी छन् ।

## मिस नेपालको फेसन व्यापार

पहिलो मिस नेपाल रूवि राणाले मिस नेपाल-१९९४ भएपश्चात गन्तव्य नै फेसनको व्यापारलाई रोजेकी छन् । सन् २००० तिर ब्युटीपार्लर व्यवसायीको रूपमा देखिएकी रूविले ज्याठा-कान्तिपथमा शृंगार ब्युटीपार्लर खोलेर फेसन व्यवसाय सुरू गरेकी थिइन् । त्यसलाई विस्तार गर्न न्यूरोडको प्रसिद्ध व्युटीपार्लर सिन्ड्रेला खरीद गरेर केही वर्ष चलाए पनि त्यसमा मात्र अडिग नबनेर श्रीमान्को सहयोगमा अक्सिजन बायोटिकल कस्मेटिक सप्लायर्स बनेकी छन् ।

हाल विभिन्न व्युटीपार्लर तालिम केन्द्रहरूमा प्रशिक्षार्थी ब्युटीसियनहरूलाई कस्मेटिक प्रयोगको जानकारी दिएर कस्मेटिक व्यापारको प्रवर्द्धनमा व्यस्त बनिरहेकी रूवि फेसन गर्न जानेमा बढ्दो उमेरले फरक नपार्ने बताउँछिन् । ढल्कँदो उमेरमा शरीरको स्याहार र सौन्दर्यको ख्याल अरू बेलाभन्दा बढी गर्नुपर्ने र त्यसका लागि उमेर अनुसारको कस्मेटिक बजारमा जति भए पनि पाइने तर त्यसको असर बारेमा राम्ररी बुझेर मात्र प्रयोग गर्नुपर्ने सुझाव उनी दिन्छिन् ।

रूविजस्तै कस्मेटिक व्यापारमा हङकङका पूर्वमोडल तथा गीतकार थापा बसन्तले पनि नेपाल फर्केर सुरू गरेका छन् । कोरियाको उत्कृष्ट प्रडक्ट मिसुमीलाई नेपालमा प्रमोसन गर्ने कार्य थापाबाट भइरहेको छ । काठमाडौंको सिभिल ट्रेड सेन्टरबाट सुरू भएको मिसुमीको व्यापार जाउलाखेल र बुटवलमा विस्तार गर्ने क्रममा थापा रहेका छन् । कोरियन कस्मेटिकको पारखीहरु नेपालमा एक वर्षयता राम्ररी नै बढेको आफूले महसुस गरेको उनी बताउँछन् ।



रुवी राणा



बेनिशा हमाल



श्रीमतीसँग थापा वसन्त





तस्वीर : भेषबन्धु ढकाल

## ह्याण्ड ब्यागको मोडर्न फेसन

चिटिक्क परेको वानपिस मिनिस्कर्ट लगाएर प्रायः फिल्मी समारोहमा देखा पर्दा हिरोइन संगम राई हातमा सानो ह्याण्ड-ब्याग बोक्ने गर्छिन् । ड्रेसअप अनुरूपको चिटिक्क परेको सानो ह्याण्ड-ब्याग युनाले जस्तै प्रायः हिरोइनले बोक्ने गरेको पाइन्छ । त्यसरी ह्याण्ड-ब्याग बोक्ने त हिजोआज फेसन नै भइसकेको अर्की हिरोइन पारू गौतमले बताएकी छन् । उनी सानो चिटिक्क परेको ह्याण्ड-ब्याग बोक्नु एक किसिमले शो पनि हो भन्छिन् ।

ह्याण्ड-ब्याग बोक्ने मानमर्यादा तथा इज्जत जे भने पनि फेसन भइसकेको यथार्थ कसैबाट छिपेको छैन । त्यस्ता थरीथरीका ह्याण्ड-ब्यागको माग पनि बढ्दो छ । सोही कारण ह्याण्ड-ब्यागको बिक्रीमा बढावा आइरहेको दरवारमार्गस्थित बेलिसी स्टोरकी नानु महर्जन बताउँछिन् । हङकङ, बैंककबाट आयातित ह्याण्ड-ब्यागको माग बढी नै रहेको जानकारी उनले दिएकी छन् । त्यसको अलावा चाइना तथा इण्डियाबाट आयातित ब्यागहरु खोज्नेहरूको पनि कमी नभएको उनी बताउँछिन् ।

हुन त सानो ह्याण्ड-ब्यागमा धेरै सामान अटाउने त होइन, उही लेडिजहरूले प्रयोग गर्ने लिपिष्टिक अनि बाटो खर्चका लागि चाहिने केही पैसा मात्र राख्न मिल्छ । त्योभन्दा बढी सामान राख्न मिल्दैन तर पनि त्यस्ता चिटिक्क परेका ह्याण्ड-ब्याग बोक्नुको शान बढी नै हुने गरेको यथार्थ मोडल आर्या बुढाथोकी पनि स्वीकार्छिन् । आर्या त यो ह्याण्ड-ब्याग मोडर्न लेडिजहरूको परिचय नै भएको सुनाउँछिन् ।

## मिनीस्कर्टमा मन

बल्खुस्थित कमल हायर सेकेण्डरी स्कुलमा प्लस-टुमा अध्ययनरत छात्राहरु शिष्ट र शालीन देखिन्छन् । उनीहरु अरू स्कुलका विद्यार्थीहरु जस्तो भडकिलो ड्रेसअप गर्दैनन् । अझ अरू हायर सेकेण्डरी स्कुलका विद्यार्थीहरूले जस्तो मिनीस्कर्ट लाउँदैनन् । पाइन्ट-सर्ट नै लाउने गर्दछन् । यसले गर्दा अन्य स्कुलका छात्राभन्दा आफ्नो कलेजका छात्राहरु सोभर र स्मार्ट देखिने गरेको दाबी उक्त कलेजका प्रिन्सिपल रामकृष्ण तण्डुकारको छ ।

हुन त केही वर्ष अगाडिसम्म प्रायः हायर-सेकेण्डरी स्कुल तथा कलेजमा छात्राहरूको ड्रेसअप अलि भड्किलो नै देखिएको थियो । कक्षा १० सम्म फ्रक अनिवार्य गरिए पनि प्लस-टुमा मिनीस्कर्ट लगाउनुपर्ने बाध्यता गरिदिएपछि कलेजको वातावरण उष्ण बन्ने गर्दछ । त्यसमाथि छात्राहरूबीच नै कसले कति छोटो मिनीस्कर्ट लगाउने भन्ने प्रतिस्पर्धा चल्दा कलेज फेशन-शो गर्ने अखडाजस्तो पनि भएको आफूले महसुस गरेको शिवपुरी हायर सेकेण्डरी स्कुलका छात्र नीलम बस्नेतले बताए ।

छात्राहरूका लागि आकर्षक ड्रेसको रूपमा मिनीस्कर्ट भए पनि यसको आकर्षण बढी नै हुने र त्यसले यौन उत्तेजना बढाउने गर्दछ । त्यो उत्तेजनाले कलेजमा पढ्न गएका कतिपय छात्रहरूको मनस्थिति नै बिग्रने धेरै सम्भावना रहेको भनाइ कान्तिपुर ड्राइभिङ इन्स्टिच्युटमा कार्यरत सीता धमलाको छ । धमला त कलेजमा सर्ट-पाइन्टभन्दा कुर्था-सलवार नै उपयुक्त रहेको र यो बढी सोभर ड्रेस भएको विचार राख्छिन् ।

कलेजका छात्राहरूको ड्रेसमा प्रायः प्लस-टु कलेजले छात्राहरूलाई मिनीस्कर्ट एकताका अनिवार्य गरिनुको पछाडि कलेज प्रशासनको आफ्नै खाले स्वार्थ रहेको पनि एकथरिको आरोप छ । त्यसरी आरोप लगाउनेहरूको भनाइ अनुसार छात्राहरूलाई मिनीस्कर्ट अनिवार्य गरेपछि शहरबजारतिरका धेरैभन्दा धेरै छात्र-छात्राहरु ओइरिने गर्दछन् । छात्रहरु कुन कलेजमा राम्रा केटीहरु पढ्छन्, त्यहीं पढ्न हानथाप गर्ने र छात्राहरु पनि फेसनेवल बन्न पाइने कलेज भएपछि मरिहत्ते गर्ने गर्छन् । छात्रछात्राको यही कमजोरीबाट फाइदा उठाउने मानसिकतामा कलेज प्रशासन रहेको पाइएको छ ।


सोही मानसिकतामा केही वर्ष अगाडिसम्म प्रायः प्लस-टु कलेजमा छात्राहरूलाई मिनीस्कर्ट अनिवार्य गरिए पनि त्यसले धेरै विकृति ल्याएकोले सर्ट-पाइन्टलाई बढी प्राथमिकता दिन थालेको पाइएको छ । छात्राहरूबीच कसले कति छोटो मिनीस्कर्ट लगाउने भन्ने प्रतिस्पर्धाकै कारण छात्रहरूमध्ये कतिपयको विकृत मनस्थितिबाट कलेजमा

नै छात्राउपर अश्लील हाउभाउ गर्ने मात्र नभई बलात्कार समेत गर्न खोजेका घटना पनि प्रकाशमा आएको छ । यद्यपि, अझै पनि कतिपय कलेजले ग्लेमर्स ड्रेसको रूपमा मिनीस्कर्टलाई अनिवार्य गरेको पाइन्छ । हुन त मिनीस्कर्ट आफैमा पनि ग्लेमर्स मात्र नभई सेक्सी ड्रेस पनि हो ।

यो सेक्सी ड्रेसलाई कलेजले मात्र अवलम्बन नगरी कतिपय बैंक-फाइनान्स तथा एअरलाइन्सले पनि आफ्ना महिला स्टाफको लागि अनिवार्य गरेको पाइन्छ । हेर्दा सामान्य भए पनि सबैलाई एकैचोटि आकर्षित पार्ने ड्रेस भएकोले पनि सेवा प्रदायक उद्योग-प्रतिष्ठानले यसलाई अवलम्बन गरेको पाइन्छ । ग्लेमर्स ड्रेसको रूपमा मानिएको मिनीस्कर्ट केही वर्षअगाडि सर्वसाधारणले पनि धेरै प्रयोग गरेको पाइए पनि हाल धेरै कमी आएको देखिन्छ ।

मिनीस्कर्ट ललाए पनि त्यसभित्र लामो लेगिज लाएर मात्र लाउने फेसनको विकास भएको पाइएको छ । पहिलाजस्तो मिनीस्कर्ट मात्र लगाउने फेसनमा हाल आएर केही परिवर्तन आएको छ ।

## सुन्दरताको रहस्य



पोखराकी गृहिणी प्रिया गुरूङ अचेल निक्कै सुन्दर देखिन थालेकी छन् । अढाई वर्ष अगाडिसम्म त्यति सुन्दरी नदेखिएकी प्रियाको सुन्दरताको रहस्य मेकअप तथा केशविन्यास नै हो । काठमाडौं आउँदा ब्युटिसियन विनीता श्रेष्ठबाट मेकअप तथा केशविन्यास सम्बन्धमा सामान्य जानकारी लिएपछि त्यसलाई कार्यान्वयन गर्दै आएकी थिइन् । परिणामस्वरूप प्रियाको सुन्दरतामा निखारता देखिन थाल्यो । प्रायः सबैले तिमी कति राम्री भन्दा उनी दंग पर्ने गरेकी छन् ।

हिजोआज त प्रिया विनामेकअप तथा केशविन्यास बाहिर निस्किन्नन् । मेकअप तथा हेयरस्टाइल नमिलाई बाहिर जाँदा आफूलाई साँच्चै बूढी भएको जस्तो महसुस हुने गरेको तर मिलाएर जाँदा टिनएजरजस्तो देखिने यथार्थ उनले सुनाइन् । सुन्दर देखिने चाहनालाई उमेरले बाँध्न सक्दैन । स-साना बालिकाहरूले पनि आमाले गरेको मेकअप तथा केशविन्यासको सिको गरिरहेका हुन्छन् ।

किशोर-किशोरी तथा युवा-युवतीहरूको मेकअपप्रतिको रूचि भने केही फरक हुन्छ । त्यसकारण विज्ञहरु उमेरअनुसार मेकअप गर्नुपर्छ भन्ने सुझाव दिन्छन् । उमेर छिप्पिएकाहरूले गर्ने मेकअप युवतीहरूले गर्ने मेकअपभन्दा केही भड्किलो देखिन्छ । उमेर तथा अवसरअनुरूप गरिएको मेकअपले जोकोहीलाई आकर्षक बनाउँछ । जस्तो युवतीहरूको छाला सुन्दर एवम् मुलायम हुन्छ । यस्तो अवस्थामा उनीहरूको अनुहारमा फाउन्डेसन प्रयोग गर्नु उचित हुँदैन । पार्टीमा हलुका वारप्रुफ कम्प्याक्ट तथा लिपिस्टिक लगाउन सकिन्छ । तीस वर्ष उमेर समूहका महिलाले वाटरप्रुफ कम्प्याक्ट तथा फाउन्डेसन लगाई ब्रसले हलुका पाउडर लगाउन सकिन्छ । उमेर छिप्पिदै जाँदा भरसक फाउन्डेसन नलगाउनु नै उचित हुन्छ । किनकि फाउन्डेसनले चाउरीपन देखाउन सक्ने धेरै संभावना हुन्छ ।

अर्कोतर्फ भनिन्छ- मानिसको सुन्दरता आँखामा लुकेको हुन्छ । त्यसकारण आँखाको मेकअपमा पनि विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । आँखाको मेकअपमा आइलाइनरविना आँखा अधुरो देखिन्छ । हिजोआज बजारमा विभिन्न रंगका आइलाइनर पाइन्छन् । उमेर तथा छालाको रंग-रूपका आधारमा सौन्दर्य प्रसाधन प्रयोग गर्नुपर्छ । यसले सौन्दर्यमा निखार ल्याउँछ । लिपिस्टिकले अनुहारलाई अझ चम्किलो तथा ओजस्वी बनाउन विशेष सहयोग गर्ने गर्दछ । वातावरण, परिधान तथा अवसर आदिलाई ध्यान पुऱ्याएर लिपिस्टिक लगाउँदा कुनै पनि महिला अझ भरभराउँदी देखिने सौन्दर्यविज्ञहरूको भनाइ छ ।

मेकअपमा नेलपालिसले पनि महत्व राखेको हुन्छ । हिजोआज सबै उमेर समूहका महिला लामो तिखारिएको नङ पाल्न मन पराउँछन् । नङले लामो पातलो औंलाको सुन्दरता बढाउँछ । अनुहारको मेकअपमा विशेषतः चम्किलो हेयर स्टाइल, मादक आँखा, आकर्षक ओठ तथा सुन्दर नङले विशेष महत्व राख्ने गरेको ब्युटिसियन विनीता श्रेष्ठ दाबी गर्छिन् ।

-श्याम स्मृत

# नाम, दाम र पलायनको प्लान

कमेडियन सिरियल मेरी बास्सैका परिकल्पनाकार तथा धुर्मुसे र माग्नेबूढाका गुरु कलाकार दमन रुपाखेतीका लागि २०७० साल फापेन । २०७० सालको प्रारम्भमा नै रुपाखेतीको हात भाँचियो । चलिरहेको सिरियल झ्याइँकुटी–झ्याइँ पनि बन्द भयो । जसोतसो २०७० साललाई विनाउपलब्धि बिदा गरेका दमन नयाँ वर्ष २०७१ बाट आशावादी बनेका छन् । विदेश पलायनको सोचसमेत उनले बनाइसकेका छन् ।

मुम्बईमा समेत बेग्लै पहिचान राख्न सफल डान्सर अनुपम श्रेष्ठ नयाँ वर्ष २०७१ वैशाखको दोस्रो हप्ताबाट मुम्बई फर्कने तयारीमा छन् । मुम्बईमा करिब एक वर्ष बसेर त्यहाँका होटल तथा फिल्मलाइनमा नै व्यस्त रहने सोच उनले बनाएका छन् । बितेको २०७० साल काम तथा दामको हिसाबले राम्रै भएको बताउने उनले डान्सबाटै मासिक सरदर डेढलाख कमाउने गरेका छन् । २०७० को अन्तसम्म पनि माइती नेपालमा आश्रित चेलीहरूलाई नेपाली डान्स सिकाएर पारंगत बनाएका यी डान्स मास्टरको डान्सकलामा बेग्लै छनक पाइने भएकोले नेपालीदेखि विदेशी नायिकाहरु समेत आकर्षित बन्ने गरेका छन् ।

हट डान्सर नायिका सुषमा कार्कीलाई डान्सको स्पेशल क्लास समेत दिएका अनुपमले डान्सका लागि नै जिन्दगीभर अविवाहित रहने प्रतिबद्धता समेत जाहेर गरेका छन् । विदेशमा पनि नेपाली डान्स सेलिब्रेटीका रूपमा चिनिनका लागि मुम्बईको एक वर्ष प्रोजेक्टमा हानिन लागेका उनले डान्स कसैसँग पनि सिकेका रहेनछन् । डान्स उनको गडगिफ्टेड रहेछ । गायिका रेखा शाह र कमल खत्रीको 'नजिक छौ' बोलको म्युजिक भिडियोमा कोरियोग्राफी गरेवापत बेष्ट इमेज अवार्ड जितेका उनका लागि समष्टीगत रूपमा बितेको २०७० साल निकै लाभदायक बन्यो । २०७१ बाट देशबाहिर पनि ख्याति कमाउने आशा उनले गरेका छन् ।

प्रसिद्ध कमेडियन सिरियल मेरी–बास्सैका परिकल्पनाकार तथा धुर्मुसे र माग्नेबूढाका गुरू कलाकार दमन रूपाखेतीका लागि २०७० साल फापेन । २०७० सालको प्रारम्भमा नै रूपाखेतीको हात भाँचियो । चलिरहेको सिरियल झ्याइँकुटी–झ्याइँ बन्द भयो । सबैतिरबाट दशा नै दशा ओइरियो । जसोतसो २०७० साललाई विनाउपलब्धि बिदा गरेका दमन नयाँ वर्ष २०७१ बाट अलि आशाबादी बनेका छन् । नयाँ वर्षको तीन महिनामा पनि खासै उपलब्धि गर्न नसकेमा विदेश पलायन बन्ने सोचमा समेत उनी पुगेका छन् ।

बितेको २०७० साल नायिका महिमा सिल्वालका लागि राम्रै भयो । आधा दर्जनभन्दा बढी फिल्ममा अभिनय गर्न भ्याएकी महिमाको 'जिगोलो' लगायतका फिल्म पनि यसै वर्ष रिलिज भए । जिगोलो रिलिजपश्चात महिमालाई हेर्ने दृष्टिकोण पनि अलि बेग्लै रह्यो । यसले गर्दा क्षणिक चर्चाका लागि सेक्स ओरेन्टेट फिल्म खेल्न नहुने रहेछ भन्ने सिकाएको अनुभव उनले सुनाइन् । नयाँ वर्षमा सम्भवतः त्यस्ता फिल्म नखेल्ने सोच उनले बनाएकी छन् । सम्भवतः यस वर्ष विवाह





तस्वीर : आशाकाजी महर्जन











तस्वीर : मेघबन्धु ढकाल

बन्धनमा बाँधिने तयारीमा पनि लाग्ने उनले बताएकी छन् ।

बिहेको नाममा पटक-पटक डेट सार्दै आएका महानायक राजेश हमाल अमेरिकामा रहेका दिदीहरु राजी भएर नेपाल आएमा २०७१ सालमा पक्का विहे गर्ने अडानमा रहेका छन् । बिहे नभए पनि यो वर्षबाट कम फिल्म खेलेर राजेश हमाल फाउण्डेसनबाट समाजसेवा गर्ने उनले बताएका छन् ।

नेकपा एमालेको राजनीतिबाट नराम्ररी चिप्लिएका सदाबहार नायक भुवन केसी नयाँ वर्ष २०७१ मा बलियो राजनीतिक पृष्ठभूमि तयार गर्न कम्मर कसेर लागिरहेको बताउँछन् । राजनीतिबाटै २०७० सालमा आफ्नो कलाकारिताको उचाइ घटाउन पुगेकी नायिका रेखा थापा २०७१ सालबाट चलचित्र निर्देशक बनेर देखा पर्न लागेकी छन् । रेखा थापा निर्देशित 'हिम्मतवाली' यसै वर्षको दशैंअघि रिलिज हुने भएको छ । हिम्मतवालीको सफलतापश्चात खुलेरै नेपाली चलचित्रको निर्देशनमा लाग्ने उनले घोषणा गरेकी छन् ।

चलचित्र हिम्मतवालीबाट रेखा थापा निर्देशक भएयता उनकै समकक्षी नायिका झरना थापा पनि नयाँ वर्ष २०७१ बाट निर्देशक बन्ने भएकी छन् । 'धेरै फिल्म खेलियो । अब म नयाँ वर्ष २०७१ मा बढीमा दुईवटा फिल्म निर्देशन गर्नेछु । नभएमा एउटाचाहिँ कन्फर्म छ', झरना भन्छिन् । झरना बज्राचार्य २०७० सालभर ध्यान तथा योगमा नै व्यस्त बने पनि २०७१ मा उनको बेष्ट फ्रेन्ड आलोक नेम्वाङ निर्देशित फिल्मबाट कलिउडमा रिइन्ट्री गर्ने तर्खरमा छिन् ।

कोहिनूर जोडीको रूपमा चर्चा बटुलेका नायक श्रीकृष्ण श्रेष्ठ तथा नायिका श्वेता खड्काको संयुक्त लगानीमा २०७० सालमा फिल्म 'कोहिनूर' निर्माण भयो । त्यसको अलावा यो जोडीकै लगानीमा काठमाडौंको गौशालामा कलिउड प्लानेट तथा इन्द्रेणी होटल समेत स्थापना भएको छ । नयाँ वर्ष २०७१ मा मुम्बईमा समेत सुटिङ गरिएको फिल्म कोहिनूरको रिलिज गर्ने तयारीमा यो जोडी कम्मर कसेर लागेको छ । यसै वर्ष यी कोहिनूर जोडीले बिहे गर्ने चर्चा चले पनि यो सत्य नभएको दुवैले बताएका छन् ।

दुई वर्षयता अमेरिकी ग्रीनकार्ड होल्डर भए पनि नेपालमा नै बस्दै आएकी सदाबहार नायिका करिश्मा मानन्धर नयाँ वर्ष २०७१ मा पनि अमेरिकामा एकपल्ट इन्ट्री गर्न जाने भएकी छन् । अमेरिकामा नै पढिरहेकी छोरी कवितासँग भेटघाट गर्ने उद्देश्यसमेत रहेको उनले बताएकी छन् । हट फिल्म 'किन-किन'लाई भारतमा समेत रिलिज गर्न हिन्दीमा डब गर्ने कार्य नयाँ वर्ष २०७१ वैशाखको अन्तबाटै गर्न लागेको यस फिल्मका निर्देशक उकेश दाहालले बताए ।

लण्डनमा कार्यरत नेपाली कलाकार मनीषकुमार श्रेष्ठका लागि २०७० साल उपलब्धिमूलक सावित भयो । २०७० साल वैशाखमा १३ वर्ष लामो लण्डन बसाइपश्चात नेपाल फर्केर 'तुयुमती' फिल्म बनाउन सक्नु नै सफलता भएको श्रेष्ठले बताए । नयाँ वर्ष २०७१ मा तुयुमती रिलिज गर्ने अन्तिम कसरतमा रहेका श्रेष्ठ यो फिल्म नेपाल र बेलायतको मितेरी फिल्म नै हुने दाबी गर्छन् ।

# नयाँ वर्षमा डेटिङ

## नगरकोटको

विन्डी हिल्समा एउटा तातो युवा जोडी आफैभित्र हराइरहेको छ । कुनै वियोगी गीत सुनिरहेको एउटा जोडीलाई प्रश्न गरियो- यस्तो वियोगी गीत किन सुनेको ? 'हाम्रो प्रेमलाई परिवारले स्वीकारेन', केटोचाहिंको जवाफ ।

आकाशमा घाम डुब्नै लागेको थियो । अगाडि देखिएको सेतो हिमालले आँखा अन्त डुलाउन दिंदैन । यत्तिकैमा हुत्तिएर आएको चिसो हावाले माथिको वियोगी जोडीको गालामा चुम्बन दिएर जान्छ । सिरर्र चलेको हावाले फेरि बग्दै आएर युवतीको कपाल उडाउँदै युवकको अनुहार लपक्कै छोपिदिन्छ । त्यसपछि एकले अर्काको हात समाउँदै उनीहरु एकसाथ जुरुक्क उठ्छन् र भन्छन्, 'आई लभ यु ।'

अग्लो स्थानमा रहेको विन्डी हिल्समाथि उभिएपछि युवतीले मुस्कुराउँदो अनुहारबाट घोषणा गरी 'काठमाडौंबाहिर मलाई मनपर्ने एउटा मात्र ठाउँ ।' परिवारले आफ्नो प्रेम स्वीकार नगरेको केटोले सुनाएपछि युवतीले भनी, 'डेटिङको लागि एक/दुई दिनको समय लिएर हामी यहाँ आउँछौं । यहाँ आउँदा मलाई एकदम फ्रि भएजस्तो लाग्छ ।'

केही दिनअघिको नयाँ वर्षमा हट जोडीको प्लान र डेटिङ स्थलबारे बुझ्न 'हट नेपाल' नगरकोट हन्टमा थियो, विन्डी हिल्समा । डेटिङको लागि त्यहाँ पुगेका जोडीले माया र सम्मानका साथ यसलाई 'हिल्स स्पट' भन्छन् जहाँ सबै बन्धनमुक्त भएर मायाका कुरा गर्छन् । मौसम सुन्दर भएका बेला काठमाडौंभित्रैका र बाहिरका पनि प्रेम जोडी यहाँ आएर आपसमा हराउने सपना देख्छन् ।

न्यू इयर आउनु हप्ता दिनअघि नै काठमाडौंलाई यसको रन्कोले छोपिसकेको हुन्छ । केटाकेटी कहाँ गएर आपसमा हराउने भन्ने कल्पनामा मग्न हुन्छन् । नगरकोटमा भेटिएकी एउटी केटीको धरानमा नियमित जिन्दगी थियो, मुख्यत अभिभावकीय चाहनाबाट । 'यहाँ यस्तो स्वतन्त्रता मिलेको छ', उनले भनिन्, 'जो मैले धरानमा पाएकी थिइनँ ।' केटासँग कसिलो अँगालोमा बाँधिएकी उनी मस्त देखिन्थिन् भविष्यप्रति । 'तर डेटिङको स्वतन्त्रतासँगै जिम्मेवारी पनि आउँछ । भविष्य पनि त छ जो हामीसँगै हिंड्छ ।' अहिलेका युवायुवती रमाइलोसँगै भविष्यबारे पनि चिन्तित हुन्छन् ।

नगरकोट अर्थात् सिटी अफ फोर्ट । प्रेम जोडी सजिलै पुग्ने ठाउँ । प्रख्यात 'डेटिङ स्पट' । बादलमाथिको वस्ती, सूर्योदय-सूर्यास्तको अनुपम दृश्य र चिसो हावा अनि सात हजार दुई सय फिटको उचाइ । जोडीहरु यति उपलब्ध भएपछि मन पेटदेखि र बैंससम्म फुकाउँछन् नगरकोटमा ।


राजधानी नजिकका केही डेटिङस्पट र न्यू इयर प्लानको खोजीमा 'हट नेपाल' निस्किँदा चैतमासको झरी सुरु भएको थियो । मानिसहरु बाटोमा चलायमान थिए ।

## ठमेलमा 'हट'हरु

केटाकेटी निस्फिक्री भएर आफ्नालाई प्रेम गरिरहेका छन् ठमेलमा । २१ वर्षे विवेक पौडेल आफ्नी मनकी रानीलाई डुलाउन महिनाको एकपटक गोदावरी, शिवपुरी जंगल वा सुन्दरीजल पुऱ्याउँछन् । 'महिनाको एकपटक पनि कतै घुम्न नगए त मोनोटोनस हुन्छ', विवेकले सुनाए, 'कहीं पनि घुम्न नगए प्रेममा केही नपुगेको जस्तो हुंदोरहेछ ।'

केही शहरिया पुस्ताको डेटिङ राति पनि हुनथालेको छ । रातको दस बजेपछि १२ बजेसम्म ठमेल व्यापक नाच्छ । कतै 'उध्रेको चोली छ है तैपनि लाइन्छ' भन्दै त कतै 'चिन्ता छैन केही मलाई अमेरिका यही'को तालमा रम्दै । अनि 'गिजर मै पडि आग है' भन्दै नितम्ब हल्लाउनेहरु जतातत्तै भेटिन्छन् । एउटै भवनमा तल डान्स बार माथि रोधी क्लबले रात्रि जीवनमा पनि प्रेमी जोडीहरुलाई तानेकै छ । सँगै चाइनिज डान्स पनि हेर्न पाइन्छ ।

चाहे त्यो देहसुखको खोजिको लागि होस् वा मदिराको



तस्वीर : अजय देशार



चुस्कि लगाउने सवालमा युवाहरूले स्वतन्त्रताको गतिलो प्रयोग डेटिङ गएर गरिरहेका छन् । शहरबाहिर, घरबाहिर पुगेर रात बिताउने त अहिलेका केटाकेटीको लागि सामान्य कुरा हो । रात परेपछि जीवन्त जीवनको खोजीमा पब, लाउन्ज र डिस्को थेकहरूमा रमाउने वा चुरोटको सर्कोमा आनन्द अनुभूत गर्ने जोडीहरु खुसी छन् ।

भर्खर बीबीए दोस्रो सेमेस्टर पढ्दै गएकी २० वर्षीया नवीना प्रधानलाई हेरौं न । आफ्नो ब्वाईफ्रेन्ड भिक्टरसंग बात मार्दै साँझ पाँच बजेतिर ठमेलको एउटा रेष्टुरेन्टमा छिर्छिन् । 'शहरमा जता गए पनि भीड, कतै टाढा जान पनि भ्याइँदैन अनि साँझ यहाँ नआएर के गर्नु त ?', उनले भनिन् । रेष्टुरेन्टमा पुगेको उनी वेटरसँग एक क्वाटर भोड्का र तातो पानी मगाउँछिन् । बगलीबाट चुरोटको बट्टा निकाल्छिन् र अभ्यस्त शैलीमा धूवाँ फुक्न थाल्छिन् । ब्वाइफ्रेन्ड उनको कपाल मुसारिरहेको हुन्छ । यत्तिकैमा उनको मोबाइलमा रिङटोन बज्न थाल्छ । कुराकानीकै क्रममा बुझ्न सकिन्थ्यो फोन आमाको थियो । उनी गत एक साताभन्दा बढी समयदेखि आफ्नो प्रेमीसँग बन्दीपुर डुलेर त्यसै दिन मात्र काठमाडौं आएकी थिइन् । उनको लक्काजवान प्रेमी उनको कुरा सुन्दै मुसुमुसु हाँस्दै हुन्छ । दुवैको हातमा मदिराको गिलास र चुरोट थियो । अरू टेबुलमा पनि ग्राहक थिए तर उनीहरूलाई त्यसको कुनै चासो थिएन, आलिङ्गन र गहिरो चुम्बनमा दुवै लिप्त थिए । उनीहरु डेटिङको मजा लुट्दै थिए ।

'सार्वजनिक स्थानमा चुम्बन, मदिरा र चुरोटपान असहज लाग्दैन ?' हाम्रो जिज्ञासाको जवाफ थियो, 'तपाईंलाई असहज लागेर सोध्नुभएको होला ।' नयाँ पुस्ता र डेटिङबारेमा उनले भनिन्, 'हामी आफ्नो अध्ययन, करियर, जीवनसाथी छनौट आदिमा गम्भीर छौं । यौन, मदिरा, चुरोट, डेटिङ र रात्रिजीवनका कुराहरु सामान्य र सहायक हुन् ।'

युवापुस्ता नयाँ वर्षको प्लान गर्न उत्तिकै छिटो छ । कसैको प्लान विदेश जाने छ भने कसैको विवाह गरेर घरजम बसाउने । अहिले भेटिएकी नवीना प्रधानचाहिं भिक्टरसँग आउने वर्ष बिहे गर्दैछिन् । 'बिहे गरेर अमेरिका ट्राइ गर्ने हो', नवीनाले भनिन् ।

'डेटिङ त बहाना मात्र हो रमाइलो गर्ने', त्रिचन्द्रमा स्नातक तहमा अध्ययनरत ठमेलमा राति भेटिएकी २४ वर्षीया स्मृति राणा भन्छिन्, 'हामी त आफ्ना कुरा एक अर्कालाई सुनाउन, भविष्यको योजना बनाउन पनि डेटिङ भन्दै एक ठाउँमा भेट्छौं, घन्टौं गफ गर्छौं र रमाउँछौं ।'

मध्यठमेलमा भिड छल्दै आएको सेतो ट्याक्सी एउटा रेष्टुरेन्टअघि रोकियो । पातला परेला तलमाथि पारिरहेकी स्लिम केटीलाई रेष्टुरेन्टको गेटमै ट्याक्सीले ओराल्यो । दायाँ हातमा सपिङ ब्याग बोकेकी ती युवती पातलो हिल टेक्दै रेष्टुरेन्टको भऱ्याङतिर लागिन् । हरियो पालिसले नङ रङ्गाएकी युवतीले रेष्टुरेन्ट पुगेपछि ब्ल्याकबेरी मोबाइलबाट कसैलाई कल गरिन् । रेष्टुरेन्टमुनि निस्केका एक युवकले उनलाई अङ्गालोमा कसे । दुवैले पालैपालो च्वाप्प एक अर्काको गालामा सुस्तरी म्वाइँ खाए । अनि लागे रेष्टुरेन्टको च्याम्बरमा ।

रात छिप्पिँदै गर्दा आफ्ना प्रेमी/प्रेमिकालाई 'समय' दिएका जोडीहरु पर्खिरहेका भेटिन्छन् ठमेलमा । आइसक्रिम, कफी, म्युजिक, ड्रिङ्क, लाइटमा भिजेको ठमेल । डेटिङ आउनेहरूको औधि चहलपहल थियो ठमेलमा ।

रेष्टुरेन्टको फलामे डन्डीमा बसेर वान पिस लगाएकी बैंशालु युवतीको जवानी कर्के नजरले हेर्नेको संख्या पनि उस्तै छ । ह्याङआउट र डेटिङका लागि ठमेलको यस रेष्टुरेन्टमा आउने जोडीको संख्या बढ्दै छ । पसलमा अडेस लागेर बसेकी युवती अधैर्य थिई । सायद कसैको पर्खाइमा थिई ऊ । एउटा युवक दौडिँदै आयो र 'सरी' भन्दै बस्यो । उसले रिसाएजस्तो नखरा पारी । उसको आँखा जुधाउँदै स्ट्रेट हेयर भएका उनको ब्वाइफ्रेन्ड आइसक्रिम खान सघाइरहेका थिए । आइसक्रिम खानुअघि सूर्य लाइट सल्काएकी युवतीको खुल्ला कम्मरमा वरिपरिका युवकको नजर परेको छ ।

साथीको लहैलहैमा लागेर होस् वा गर्लफ्रेन्डसँग घुम्न केटाकेटी घरबाट विद्यालय जान भनेर हिंड्छन् अनि साथीको घरमा गएर अर्को लुगा लगाएर निस्कन्छन् । डेटिङका लागि विद्यार्थी पनि काठमाडौंबाट नगरकोट, चोभार, धुलिखेल, कुरिनटारसम्म जाने गरेका छन् । बंक र डेटिङ स्पटको खोजीमा रहेकाहरूका लागि फिल्म हल, पार्क, साइबर क्याफेसँगै कलेज, समयमै खुल्ने र बन्द हुने यस्ता डिस्कोथेक ढुंगा खोज्दा देउता भएको छ ।



## माया र साइनोमा अल्झेको ग्याजेट

लिट्टिल एन्जेल्स कलेज हात्तिवनमा वनस्पति शास्त्र विषयमा अध्यापन गर्ने लेक्चरर युस्मिता श्रेष्ठलाई हरेक नयाँ वर्षमा नयाँ ग्याजेट चेन्ज गर्ने बानी नै परिसकेको छ । गत २०७० को वैशाख महिनामा डेनमार्कबाट ल्याइएको आइफोन-४ गिफ्ट पाएकी युस्मिताले त्यसलाई वर्षभरि नै अति माया गरेर प्रयोग गरिन् । केयर नेपालमा कार्यरत श्रीमान् भरत कार्कीबाट प्राप्त उक्त गिफ्ट आफ्नो लागि भेलेन्टाइन गिफ्ट नै भएको उनले बताइन् । यो नयाँ वर्ष गत वर्षजस्तै श्रीमान्बाटै नयाँ ग्याजेट गिफ्ट पाएमा चेन्ज गर्ने मुडमा रहे पनि २०७० सालको आइफोन-४ मोडललाई साँचेरै राख्ने सोचमा रहेको उनले बताइन् । २०६० सालबाट मात्र मोबाइल बोक्न थालेकी युस्मिताले नयाँ मोडलका मोबाइलहरु श्रीमान्बाटै उपहार पाउने गरेकी छन् । मास्टर सकेपछि २०६३ सालमा नोकिया स्लीम मोडल बर्थ-डे गिफ्टको रूपमा श्रीमान्बाटै पाएको उनले बताएकी छन् । उनले भनिन्- 'त्यो बेला हाम्रो बिहे नै भएको थिएन । कलेज लाइफकै क्रममा प्रेम भएपछि हामी लव-लाइनमा नै थियौं । पहिलो प्रेमको पहिलो गिफ्टले एक-अर्कामा अझ माया-प्रेम बढायो ।'

१० वर्ष लामो प्रेमपश्चात २०६५ सालमा बिहे गरेका युस्मिता र भरतको जीवनमा त्यसको दुई वर्षपश्चात छोरी रोजिल कार्कीको जन्मको खुशीयालीसँगै सामसुङ ग्यालेक्सी र स्कुटी डियो श्रीमान्बाटै गिफ्ट पाउनुको बेग्लै मज्जा शब्दमा व्यक्त गर्न नसक्ने उनले बताएकी छन् । श्रीमान्ले जस्तो ठूलो उपहार दिन नसके पनि आफूले पनि नयाँ वर्ष र बर्थ-डे पारेर श्रीमान्लाई गिफ्ट दिने गरेको उनले बताएकी छन् ।



## शुभचिन्तकका गिफ्टले खातैखात

एकीकृत नेकपा माओवादीको राजनीतिमा समेत सक्रिय नेपाली चलचित्रका संगीतकार चेतन सापकोटासँग यो नयाँ वर्ष २०७१ सम्ममा आइपुग्दा २० वटा मोबाइल जम्मा भइसकेको छ । नोकिया, मोटोरोला, सामसुङ, ब्ल्याक-बेरीदेखि आइफोन ३ जी मोडेलसम्म सापकोटासँग रहेका छन् । ती सबै मोबाइल शुभचिन्तकहरूको न्यू-इयर गिफ्ट नै हो । पैसा खर्च गरेर एउटा ग्याजेट पनि नकिनेको जानकारी दिने सापकोटाले यो नयाँ वर्षबाट आइफोन ४ जी चलाउन थालेका छन् ।




## हातैमा नेट हुनुको बेग्लै मज्जा

मेटलाइफ एलिकोमा एजेन्सी म्यानेजरको रूपमा कार्यरत ताराप्रसाद कसजुले यो नयाँ वर्ष २०७१ साल आशा र विश्वासको वर्ष हुने अपेक्षा गरेका छन् । यसै वर्ष जीवन संगिनी साधवीबाट नयाँ वर्ष गिफ्टको रूपमा सामसुङ ग्यालेक्सी पाएबाट लाइफलाई अझ सहज बनाउन सकेको दाबी म्यानेजर कसजुको छ । २०७० सालको अन्तसम्म फेसबुक चलाउन पनि डेस्कटपको सहारामा बस्नुपरेको थियो । हाल आएर हातैमा रहेको मोबाइलबाट चलाउन पाउनुको बेग्लै मज्जा भएको र व्यवसाय विस्तार गर्नमा पनि सहजता आएको उनको भनाइ छ । विदेश बसेका सालोले २०५९ सालमा नोकिया-१६०० मोडलको मोबाइल गिफ्ट पठाएपछि मोबाइल बोक्न थालेको बताउने कसजुले त्यसको एक वर्षपछि भिनाजुले अस्ट्रेलियाबाट पठाएको ५७ हजार पर्ने मोबाइल चलाए । महँगो मोबाइल चलाउनु त्यो बेला चाहिनेभन्दा बढी विलासी भएको प्रतिक्रिया आएपछि त्यसलाई घरैमा थन्काएर अमेरिकामा रहेका सालोबाटै नयाँ वर्ष गिफ्ट नोकिया-६६ पाँच वर्ष चलाएको उनले बताएका छन् । 'पाँच वर्ष चलाएको उक्त मोबाइल हाल दुई छोरीको गेम खेल्ने र म्युजिक सुन्ने माध्यम बनेको छ । आफूचाहिँ नयाँ वर्षमा श्रीमतीबाट प्राप्त मोबाइलबाट संसारलाई मुट्ठीमा राख्ने प्रयासमा लागेको छु । वेटलस गर्न जाँदा पनि मोबाइल छाडेको छैन', कसजुले भने ।



## ओटीमा स्वीच-अफ हुन्छ

वीर अस्पताल ट्रमा सेन्टरमा कार्यरत नर्स सरिता प्रजापतीले आठ वर्षअगाडि नयाँ वर्षकै बेला न्यू-इयर गिफ्टको रूपमा श्रीमान् शरद जीसीबाट पाएको ल्यापटप अझै साँचिरहेकी छन् । ल्यापटपबाट अनलाइन खबरहरु क्षणक्षणमा हेर्नुको अलावा प्रशासनिक कार्यदेखि नर्सिङसम्बन्धी विषयवस्तु संकलन गर्नसमेत सहयोग पुगिरहेको प्रजापतीको भनाइ छ । 'ल्यापटप, मोबाइलजस्ता ग्याजेट मेरो हातमा नटिक्ने गरेको छ । कतिपय मोबाइल फुटे त धेरै हराए । हालसम्म १० वटा मोबाइल हराइसकेकी छु । हाल आइफोन ४ एक्स र सामसुङ डुज बोकिरहेको जानकारी उनले दिइन् । आइफोन नेट चलाउन र अर्को फोन कल तथा रिसिभ गर्ने कार्यमा उनले प्रयोग गर्ने गर्छिन् । अपरेसन थियटरमा जाने बेलामा भने दुवै मोबाइललाई स्वीचअफ गर्न उनले कहिले पनि बिर्सेकी छैनन् । 'स्वीच अफ भयो भने तपाईं सम्झनुस्- म ओटीमा छु', उनले सचेत गराउन पनि बिर्सिनन् ।





# महँगो हनिमुन

रियालिटी स्टार किम कार्दाशिन सेक्स टेप प्रकरणका कारण चिन्तामा रहे पनि हाल उनको चिन्ता हटेको छ । हालै हलिउड स्टार क्रिस हम्फ्राइजसँग बिहे गरेपछि उक्त सेक्स टेप प्रकरणबाट मुक्त बनेकी हुन् । विवाहको पहिलो रातलाई अझ मूल्यवान बनाउका लागि इटालीको एक होटलमा किमले क्रिससँग गजबले हनिमुन पनि मनाए । त्यो पनि एकरातको ३३ सय डलर खर्च गरेर । रातमा मात्र नभई बिहान तथा दिउँसो पनि हरदम दुवै अँगालोमा बाँधिएर तथा टङकिस गरेर उनीहरूले सबैका सामु मज्जाले हनिमुन मनाए । हनिमुनको विभिनन पोजका फोटा पनि खिचाए । अझ बेडमा रहेको बेलाको फोटो खिचाउन पनि उनीहरूले भ्याए । सोही फोटाहरु हलिउडको एक म्यागाजिनलाई बेचेर उनीहरु डेढ लाख डलर पनि कमाउन सफल भए ।





**विशेषता :** किलेस इन्ट्री स्टार्ट एण्ड इक्स सिस्टम, रेन सेन्सर सन् विलिन्डर, मल्टी फङ्सनल डिस्प्ले, अटोमेटिक ट्रान्समिसन, रेयर एसी भेन्ट, कप होल्डर रेयर सिट्स

**मूल्य :** रू. ४३ लाख ९० हजार

# फोर्डको इकोस्पोर्ट



संसार बदलिरहेको छ । बदलिदो संसारसँगै मानिसका इच्छा, आकांछा र रूचिमा पनि परिवर्तन आइरहेको छ । फलस्वरूप विश्वबजारमा पछिल्लो पटक सार्वजनिक भएका कारमा यात्रा गर्न रूचाउने नयाँ पुस्ताको संख्या पनि बढिरहेको छ । नयाँ पुस्ताको यो माग र चाहना पूरा गर्न विश्वकै पुरानो गाडीका रूपमा परिचित फोर्ड सफल हुँदै आएको छ ।

अमेरिकी ब्राण्डको फोर्ड गाडी थाइल्याण्ड, जर्मनी, भारत लगायतका देशमा उत्पादन हुन्छ । विश्वकै पुरानो गाडी भए पनि नेपालमा भने फोर्ड सन् २०१० मा मात्र भित्रिएको थियो । हालसम्म ८ वटा मोडलका गाडीहरु नेपाल ल्याइसकेको फोर्डले ४ वटा त कारका मोडलहरु मात्र बजारमा ल्याएको छ – फिगो, क्लासिक, फिस्टा र इकोस्पोर्ट । फोर्डका कारहरूको सामान अरू कारको तुलनामा सस्तो छ र टिकाउयुक्त रहेको दाबी यस कम्पनीको रहेको छ । आम उपभोक्ताले चाहेजस्तो क्वालिटी, स्मार्ट सेफ्टी र कन्फटेबल यस ब्रान्डको विशेषता भएको थापाथलीस्थित फोर्ड प्रालिका मार्केटिङ म्यानेजर सुष्मा शाक्यको दाबी छ ।

डिजेल र पेट्रोल दुवैमा उपलब्ध फोर्डका कारहरु बजारमा अन्य कारको तुलनामा बढी रूचाइएका छन् । सुरेन्द्रबहादुर सिंहले कार चढ्न थालेको करिब २० वर्ष भयो । एक महिनाअगाडि मात्र फोर्डको इकोस्पोर्ट कार किनेका सिंहले हालसम्म ६ वटा कार परिवर्तन गरिसकेका छन् । हुन्डाईको कार छोडेर फोर्डको इकोस्पोर्ट ताक्नुको कारणबारे सिंह भन्छन्- 'हेर्दा कार र जिप दुवै जस्तो देखिने अनि आफूलाई कन्फटेबल लागेकाले यो कार किनेको हुँ । हालसम्मकै राम्रो कार फेला पारेको महसुस मैले गरिरहेको छु ।'

जुलाई दोस्रो सातातिर मात्र नेपालमा लन्च भएको इकोस्पोर्ट कारले हाल राम्रो बजार लिइहेको छ । सर्वाधिक बिक्री भएको फिगो कारसँग प्रतिस्पर्धामा उत्रिएको इकोस्पोर्टमा किलेस इन्ट्री स्टार्ट एण्ड इक्स सिस्टम, रेन सेन्सर सन् विलिन्डर, मल्टी फङ्सनल डिस्प्ले, अटोमेटिक ट्रान्समिसन, रेयर एसी भेन्ट, कप होल्डर रेयर सिट्सजस्ता सुविधा रहेका छन् ।

*– पुष्पा थपलिया*



नयाँ वर्ष २०७१ का अवसरमा
सम्पूर्ण ग्राहक वर्गमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

साथै नयाँ वर्षले सम्पूर्ण नेपालीमा
सुखशान्ति र समृद्धि ल्याओस् भन्ने
कामना पनि गर्दछौं ।

# शुभ होस्
# नयाँ वर्ष

**नवीनलाल श्रेष्ठ**
**अध्यक्ष**

**नेपाल मदिरा व्यवसायी**
**महासङ्घ परिवार**

चावहिल, काठमाडौं
फोन : ०१-४४७४५४५

**बाउ नौलाख ताराका गीत गाएर नेपाली स्वर्णिम संगीतमा अम्बर नै बने। तर, बाउले जस्तो गीत गाउने काम कहिले पनि गरेनन् किशोरले। बरु सानैदेखि मादल, तबला र गितार उनको साथी भयो। विज्ञान तथा खगोलशास्त्रमा रुचि राख्ने उनले केही वर्षअगाडि अमेरिकाको हवाईबाट ल्याइएको टेलिस्कोपबाट हरेक रात तारा गन्न थालेका छन्।**

नौलाख तारा गीतमा गाउने ७८ वर्षीय बरिष्ठ गायक अम्बर गुरूङका ५६ वर्षीय जेठो छोरा किशोर गुरूङ प्रायः रातमा तारा गन्ने गर्छन् । अमेरिकाको हवाईबाट केही वर्षअगाडि ल्याइएको टेलिस्कोपबाट प्रत्येक रात तारा गन्न अभ्यस्त हुन थालेका छन् । तारा तथा ग्रह-नक्षत्रहरूको बेग्लै संसारको अध्ययनमा मग्न किशोरको बेग्लै निष्कर्ष रहेको छ- 'ताराहरूको देशमा पनि बेग्लै बस्ती हुनुपर्दछ । बेग्लै जीवन भएको हुनुपर्दछ ।'

त्यो बेग्लै बस्ती र जीवन खोज्ने कार्य हाललाई शौखको रूपमा उनले लिएका छन् । उनका कतिपय साथीहरूले यस कार्यलाई पागलपना भने पनि विज्ञानप्रतिको रूचि तथा खगोलशास्त्रको खोज-अनुसन्धान गर्ने उत्साहले पनि यसतर्फ डोऱ्याएको तर्क उनको छ । यस रूचिलाई जसले जे भने पनि त्यसलाई माइन्ड गर्ने पक्षमा उनी छैनन् ।

बाउ नौलाख ताराका गीत गाएर नेपाली स्वर्णिम संगीतमा अम्बर नै बने । छोरा किशोरले बाउले जस्तो गीत गाउने काम कहिले पनि गरेनन् । गीत गाउने उनको कहिले पनि शौख भएन । रूचि पनि बनेन । बरू सानैदेखि मादल, तबला र गितार साथी भयो । "मलाई गीत गाउने रहर कहिले पनि भएन । गाउनभन्दा मलाई बजाउनै बढी रहर भयो । त्यो

# नौलाख तारा गाउने बाउका
# तारा गन्ने छोरा



तस्वीर : अजय देशार





रहरले नै मलाई यतिखेर विश्व सांगीतिक बजारमा गितारिष्टको रूपमा चिनायो । गितार बजाएरै मैले काठमाडौंको बाँसबारीमा घर बनाएँ । राम्रो लाइफ स्टाइल बनाउन मलाई सांगीतिक बाजा-बादनले सहयोग गरेको गर्वका साथ म भन्न रूचाउँछु' -उनको भनाइ छ ।

बाजे अगमसिंह गुरूङ पश्चिम नेपालको तनहुँको रिसिङ्बाट इण्डियन लाहुरे बन्न भारतीय सेनामा भर्ती भएरै गएबाट तनहुँपछिको थाकथलो दार्जिलिङ बन्यो । दार्जिलिङमा नै अम्बर गुरूङको जन्म भयो । बाउजस्तो अम्बर पल्टने बनेनन् उनी । नेपाली संगीतको सेनापति बनेर नेपाली संगीतको श्रीवृद्धि गर्नमा प्रवास दार्जिलिङमा कम्मर कसेर बसिरहेको अवस्थामा २०२६ सालमा कलानुरागी राजा महेन्द्रबाट अम्बरलाई स-सम्मान नेपाली नागरिकता प्रदान गरेर नेपाल झिकाइनु गौरवको विषय बनेको थियो ।

सोही गौरब बोकेर बाउको हात समाएर नेपाल आएका उनै किशोर गुरूङले दार्जिलिङमा सात कक्षासम्म पढेका थिए । आठ कक्षाको पढाइ काठमाडौंको पुतलीसडकस्थित पद्मोदय स्कुलबाट सुरू गरेर सोही स्कुलबाट म्याट्रिक पास गरेर रत्नराज्य कलेज पढ्दा-पढ्दै गितार बादनको अनौठो शौख बसेपछि गितार सिक्न भारतको कलकत्ता हानिए । कलकत्ताको केही वर्षको गितारसम्बन्धी पढाइ सकेपछि अमेरिकाको सनफ्रान्सिकोमा चार वर्ष बसेर क्लासिकल गितार तथा एथनोम्युजिकमा डिग्री नै गर्न भ्याए ।

सनफ्रान्सिस्कोमा पश्चिम नेपालको कास्की जिल्लास्थित याङ्जाकोटमा रहेका प्राचीन गुरूङ् जातिको ऐतिहासिक घाटु नाचको बारेमा शोधकार्य गरेर शोधपत्र नै तयार गरेर बुझाउने कार्य समेत उनीबाट भएको थियो । एकातिर गितारजस्तो अत्याधुनिक बाजा बजाएर आफ्नो र परिवारको पेट पाल्ने उनको रूचि लोप हुन लागेको नेपाली लोक-कला तथा संगीतको प्रवर्द्धनमा लाग्नु अनौठो पाटोको रूपमा नै उनी आफै लिन्छन् । भन्छन्- 'आधुनिकता र ऐतिहासिकता मेरो जीवनमा सधैं फ्युजन बनिरह्यो । यो मेरो लाइफको उपलब्धिको रूपमा मैले लिएको छु !"

बाजासँगको सम्बन्धको विषयमा सानोमा रूँदा बाबा र आमाले हार्मोनियममाथि राखिदिंदा चुपचाप रून बन्द गर्ने उनको बानी नै भएकोले होला, बाजा उनको जीवनको अनौठो मीत बन्यो । नेपालमा ललितपुरको कुपण्डोलमा पहिलोपल्ट २०४७ सालतिर व्यावसायिक सांगीतिक स्टुडियो स्थापना गर्ने पहिलो संगीतकर्मीको रूपमा उनलाई नै लिइने गरेको छ । पुतलीसडकमा गितार टेक्नोलोजी इन्स्टिच्युट खोलेर केवल गितार मात्र सिकाउने कार्य लगातार ३ वर्ष गर्न भ्याएका उनले त्यसपछि मल्पी कलेज र त्रिभुवन विश्वविद्यालयमा म्युजिक अध्यापनको काम पनि गरे । विविध कारणले पढाउने कार्यमा निरन्तरता दिने कार्य उनीबाट भएन ।

रेडियो नेपालमा समेत केही वर्ष कार्य गरेका उनले रेडियोको वृद्धिविकासका लागि त्यो बेला धेरै सुझाव दिएका थिए । ती सुझाव त्यो बेला नै रेडियोले कार्यान्वयन गरेको भए रेडियो नेपालको स्तरोन्नति व्यापक रूपमा हुने उनको दाबी रहेको छ । १ सय ३ जति जनजाति तथा ९२ वटा मौलिक भाषा रहेको उन्नत नेपालको मौलिक नेपाली ठेट लोकसंगीतको रेकर्ड लण्डनस्थित ब्रिटिश लाइब्रेरीमा रहेको दाबी गर्ने उनी त्यस विषयमा पिएचडी गर्न चाहन्छन् ।

त्यसका लागि दुई वर्ष उनी लण्डन पनि बसे । व्यक्तिगत प्रयासबाट संभव नदेखिएपछि फर्किएका उनी नेपाल सरकारले यस कार्यमा सहयोग गरेमा अवश्य पनि पूरा गर्ने वाचा उनले गरेका छन् । दुई छोराका बाउ उनी छोराहरु अमेरिकाको बोस्टनतिर रहेको जानकारी दिइन् । नेपालमा जीवन संगीनी सविता क्षेत्री गुरूङसँग गितारको धुनसँगै रमाएर बसेका उनको जीवन अत्यन्त सरल रहेको छ । सरल जीवन बाँच्न उनलाई अत्यन्त मन पर्दछ । प्रकृतिसँग रमाउनु तथा खगोल विद्यामा हराउनु हिजोआज उनको दिनचर्या बनेको छ ।


राष्ट्रिय दैनिक
कमाण्डर पोष्ट
प्रस्तुत गर्दछ
ग्राहक बन्नुहोस् र तुरुन्तै भित्तेघडी उपहार प्राप्त गर्नुहोस्
त्यति मात्र कहाँ हो र !
हरेक हप्ता लक्की ड्र गरी २ जना वार्षिक ग्राहकलाई १/१ थान लाल्टीन उपहार ।
प्रथम पुरस्कार
पल्सर बाईक १५० सि.सि. १ जनालाई
द्वितीय पुरस्कार
ल्यापटप १ जनालाई
तृतीय पुरस्कार
२१ ईन्च कलर टिभि १ जनालाई
सान्त्वना पुरस्कार
मोबाईल सेट १० जनालाई
ग्राहक दर
वार्षिक - रू. १५००/-
अर्ध वार्षिक - रू. ८००/-
त्यसैले निम्न ठेगानामा सम्पर्क गरी आजै ग्राहक बन्नुहोस ।
* यो योजना २०७० चैत्र मसान्त सम्म कायम रहनेछ ।
सम्पर्क ठेगाना
युग पब्लिकेशन प्रा.लि.
पुतलीसडक, काठमाडौ, फोन: ४४४०३५० (Ext 35) /०१-२२१२२२३

# सुजनाको सफलता



कम समयमा धेरै म्युजिक भिडियो खेल्ने नयाँ मोडलमा पछिल्लोपल्ट सुजना ढकाल देखिएकी छन् । बितेको २०७० सालमा २३ वटा भन्दा बढी भिडियोमा सुजनाले अभिनय गरिसकेकी छन् । दुई वर्षअगाडिबाट मोडलिङ करियर बनाएकी उनी यति छिट्टै अगाडि बढिएला भनेर कहिले पनि नसोचेको बताउँछिन् । सोचेभन्दा राम्रो सफलता मोडलिङमा पाइरहेको बताउने उनको चाहना फिल्मी हिरोइन पनि बन्नु हो । फिल्मी हिरोइनमा नम्रता श्रेष्ठ र रेखा थापाबाट निक्कै प्रभावित उनी उनीहरूजस्तै निकट भविष्यमा बन्ने लक्ष्यमा आफू रहेको जानकारी दिइन् ।

व्यवस्थापनमा प्लस-टु सम्मको अध्ययन पूरा गरिसकेकी झापा-तोपगाँछीकी यी सुन्दरीको विचारमा सेक्स बायोलोजिकल निड हो । स्वस्थ जीवन जिउनेहरूका लागि राम्रो कसरत हो समेत भन्ने उनलाई सेक्सको ज्ञान छ । तर, हालसम्म सेक्सको अनुभव नभएको दाबी गरेकी छन् । त्यसको अनुभव बिहेपछि अवश्य नै होला भनेर हाँसेर भन्न उनी चुक्दिनन् ।





# चर्चामा आउन नग्न फोटो



चर्चित रियालिटी-शो बीग बोसको चौथो संस्करणमा पोहोर साल देखा परेकी शिखा ठाकुरको खासै चर्चा हुन सकेन । यसको कारण शिखा निराश अनि हतासससमेत बनेकी थिइन् ।

रियालिटी शो बीग बोसमा केही न केही तहल्का गरेर देखाउने उनको त्यो चाहना केवल चाहनामा सीमित बन्न पुगेको त्यो पीडा उनमा अझै रहेको पाइन्छ । चर्चामा आउन बीग बोसको रियालिटीमा भाग लिए पनि उपलब्धि हासिल गर्न नसकेको पीडाले छटपटिएको उनको त्यो मनलाई यतिखेर राहत मिलेको छ ।

चर्चामा आउने अरू कुनै उपाय नदेखेपछि एक्सपोजर फोटो खिचाएर रातारात चर्चामा आउने निर्णय उनले गरेकी थिइन् । सोही उपाय अनुरूप केही दिनअगाडि मात्र बलिउडका एक नामुद फोटोग्राफरले उनको करिब-करिब नग्न फोटो खिचिदिएर सघाए । जसलाई उनले फेसबुक लगायतबाट सार्वजनिक गर्न भ्याइन् ।

सबैबाट वाह सेक्सी भनेर व्यापक तारिफ आएको आयै भएबाट उनी दंग परेकी छन् । पोहोर बीग बोसबाट निराश भए पनि यो वर्ष भने हट फोटोबाट उनी आशावादी वनेकी छन् । बलिउडका हट फिल्म खेल्ने मौका अवश्य पाउने आशामा उनी रहेकी छन् । बलिउड समाचार स्रोतका अनुसार उनको उक्त हट फोटो हेरेर केही फिल्म प्रोड्युसरले अफर पनि गरिसकेका छन् । तर, शिखाले त्यसलाई पुष्टि भने गरेकी छैनन् ।

# शुभ होस नयाँ वर्ष

नयाँ वर्ष २०७१ का अवसरमा
सम्पूर्ण दाजुभाइ, दिदीबहिनीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

साथै नयाँ वर्षले सम्पूर्ण नेपालीमा
सुखशान्ति र समृद्धि ल्याओस् भन्ने
कामना पनि गर्दछौं।

**सुशील अग्रवाल**
**अध्यक्ष**
**आर्य समाज अन्तर्राष्ट्रिय**
**समिति नेपाल**
**परिवार**

नयाँ वर्ष २०७१ का अवसरमा सम्पूर्ण ग्राहक वर्गमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

साथै नयाँ वर्षले सम्पूर्ण नेपालीमा सुखशान्ति र
समृद्धि ल्याओस् भन्ने कामना पनि गर्दछौं।

## जय अम्बे स्वीट्स एण्ड फाष्टफुड


गोंगबु चोक, काठमाडौं
फोन- ४३५६७३३, ९८४१४८३०९०
प्रो. रामप्रवेश गुप्ता



यहाँ अर्डरबमोजिम
मिठाई तयार गर्नुका
साथै नास्ताको राम्रो
व्यवस्था छ ।

नयाँ वर्ष २०७१ का अवसरमा
सम्पूर्ण ग्राहक वर्गमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

साथै नयाँ वर्षले सम्पूर्ण नेपालीमा
सुखशान्ति र समृद्धि ल्याओस्
भन्ने कामना पनि गर्दछौं।



## The MOST FAMOUS TAILORS

*Shirting Suiting & Tailoring*


PH.: 01-4353771, 984134186
Email :ranapal.krishna@yahoo.com

Samakhushi Chowk, Ranibari Marga, Ktm.

## एल.पी. ग्याँस प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

- सिलिण्डर ल्याउँदा गुडाउनु हुन्न, भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गर्नुपर्दछ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउनुपर्दछ।
- काम सकिएपछि सधैं ग्याँस सिलिण्डरको रेगुलेटर बन्द गर्नुपर्दछ।
- भान्सारमा ग्याँस गन्ध आइरहेको छ भने लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ, यस्तो बेला पहिले रेगुलेटरको र पछि चुल्हाको नव (Knob) बन्द गर्नुपर्दछ।
- ग्याँस लिक भएको थाहा भएमा कहिल्यै पनि ग्याँस चुल्हो, लाइटर, धूप तथा कोठाको बिजुली बत्ती बाल्नुहुँदैन।
- बरु तुरुन्तै सबै झ्याल, ढोका, ग्याँसको मात्रा घटाउनेतर्फ लाग्नुपर्दछ।
- रेगुलेटरबाट ग्याँस लिक भएमा सिलिण्डरको भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राख्नुपर्दछ र नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई तुरुन्त खबर गर्नुपर्दछ।
- ग्याँस सिलिण्डरदेखि चुल्होसम्मको रबर पाइप प्वाल परे नपरेको चेक गर्नुपर्दछ र पाइप देखिने गरी जोड्नुपर्दछ।
- ग्याँस पाइपका दुवैतर्फ क्लयाम्पले राम्रोसँग कस्ने गर्नुपर्दछ।
- ग्याँसको चुल्हो जहिले पनि ग्याँस सिलिण्डरभन्दा माथि राख्नुपर्दछ।
- ग्याँसको रबर पाइप १.५ देखि २.० मिटर भन्दा लामो हुनु हुन्न।

**नेपाल आयल निगम**
(नेपाल सरकारको स्वामित्व प्राप्त)



# नेपालको सबैभन्दा चर्चित होटल

**झण्डै** ४५ वर्ष पहिले ठमेलको स्याल कराउने ठाउँमा पर्यटनविद् कर्ण शाक्य र उनका परिवारले सुरू गरेको होटल काठमाडौं गेष्ट हाउस आज विश्वकै एउटा लोकप्रिय होटल बन्न पुगेको छ । विश्वप्रसिद्ध पत्रिका 'लोन्ली प्लानेट'का संस्थापक टोनी ह्वेलरले संसारको तीसौं लोकप्रिय गन्तव्यमध्ये काठमाडौं गेष्ट हाउसलाई पनि सूचीकृत गरेका थिए ।

विदेशी पर्यटकको भीडभाड हुने ठमेलमा विदेशबाट फर्केका तथा नेपालका अंग्रेजी संस्कारमा हुर्केका युवायुवतीको पनि चहलपहल देख्न सकिन्छ । ठमेल आउने विदेशी पर्यटकको पहिलो रोजाइमा काठमाडौं गेष्ट हाउस नै पर्ने गरेको छ । पछिल्लो समय उच्च वर्गका नेपालीहरु पनि काठमाडौं गेष्ट हाउसमा सभा-सम्मेलन गर्ने, खाने तथा बस्ने गर्न थालेका छन् ।

काठमाडौं गेष्ट हाउसको बारेमा जानकारी लिन हट नेपाल प्रतिनिधि मार्च २५, २०१४ मा पुग्दा क्यापिटल एफएम र मैत्री एफएमका संचालकहरूको मिटिङ चलिरहेको रहेछ । यस गेष्ट हाउसको सर्वाधिक लोकप्रिय कोर्ट हाउस रेष्टुरेन्टमा रात्रिभोजमा सरिक भएका संचार उद्यमीहरु टनाटन विदेशीहरूसँगै खानाको आनन्द लिइरहेका थिए ।

यस रेष्टुरेन्टमा बिहान र बेलुका दिन हेरी विभिन्न खालका खानाहरूको बुफे पस्किने गरेको रहेछ । ठ्याक्कै नेपाली परिकारको खाना नभए पनि कन्टिनेन्टल, चाइनिज र इन्डियन खानाका लागि यो रेष्टुरेन्टले ख्याति कमाएको रहेछ । खाना खाँदै विदेशीसँग कुरा गरिरहेका क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले भने- 'म काठमाडौं गेष्ट हाउसमा आउन थालेको धेरै वर्ष भयो । यहाँ विदेशी साथीहरूसँग भेटघाट गर्न, आकर्षक गार्डेनमा बसेर पुस्तक पढ्न साह्रै मज्जा आउँछ । यहाँ पस्किने खानाको म विशेष प्रशंसक हुँ ।'

यस्तै मैत्री एफएमका अध्यक्ष विष्णु सापकोटाले ठमेलजस्तो भीडभाडयुक्त स्थानमा यति फराकिलो र व्यवस्थित होटल निर्माण गर्ने पर्यटनविद् कर्ण शाक्यको प्रशंसा गर्दै यसलाई नेपालकै गौरव भएको धारणा राखे । सापकोटाले यहाँको खाना जिब्रोका लागि स्वादिलोका साथै स्वास्थ्यवर्द्धक पनि रहेको टिप्पणी गरे ।







अमेरिकाबाट पहिलो पटक नेपाल भ्रमणमा आएकी क्यारोल स्मिथ नेपालका संचार उद्यमीहरूसँग गफिंदै खानाको स्वाद लिइरहेकी थिइन् । अमेरिकी परिकारभन्दा फरक स्वाद लिइरहेकी उनलाई खानाको बारेमा सोध्दा भनिन्- 'म नेपाल आएको आज तीन दिन भयो । तीन दिनदेखि यसै रेष्टुरेन्टमा खाइरहेकी छु । अन्य परिकारभन्दा मलाई यहाँको इन्डियन खाना बढी स्वादिष्ट लाग्यो ।'

वातानुकूलित रेष्टुरेन्ट हलका साथै खुल्ला कोर्टयार्टमा सजिएको रेष्टुरेन्टको गजबको आकर्षण रहेछ । हेर्दैमा पिउँ पिउँ लाग्ने वाइन सेलर पनि अत्यन्त आकर्षक ढंगले सजाइएको थियो । होटलभित्र रंगीचंगी फूलहरूले सजाइएको एउटा विशाल बगैंचा पनि रहेछ । बगैंचामा किताब पढ्दै रमाइरहेका विदेशी पाहुनाहरु देख्न सकिन्थ्यो । बगैंचाभित्रको रेष्टुरेन्टमा पनि खाने व्यवस्था मिलाइएको रहेछ । यहाँको बगैंचाको एउटा आकर्षण भोगटेको रूख पनि रहेछ । यो भोगटेको बोटमुनि बसेर संसारका प्रसिद्ध लेखकहरूले नेपालका बारेमा थुप्रै किताब लेखिसकेको जानकारी यस होटलका म्यानेजर उत्तम फुयाँलले दिए ।

यस होटलमा विश्वप्रसिद्ध लेखक, गायक, कलाकार, पेन्टर आदि ठूला ठूला व्यक्तित्व आफ्नो सिर्जनालाई प्रस्फुटन गराउन बेला बेलामा सुटुक्क बस्न आउँदा रहेछन् । ठमेलको साँघुरो सडकबाट भित्र पस्दा यो होटलभित्र अनुमान नै गर्न नसकिने आकर्षण पाउन सकिन्छ । यहाँभित्र पसिसकेपछि होटलको भव्यता र विदेशीहरूको चहलपहलले नेपालमा होइन युरोप-अमेरिकाको कुनै प्रसिद्ध होटलमा पुगेको भान हुने रहेछ ।





तस्वीर : आशाकाजी महर्जन

# टपमा पप्स

फेसन मोडलका रूपमा चिनिएका विजय कार्की होटल म्यानेजमेन्टका ग्र्याजुयट हुन् । कार्कीले चार वर्षअगाडि लण्डनस्थित युनिभर्सिटीमा होटल म्यानेजमेन्टको अध्ययन गरेका थिए । ग्र्याजुएसन सकेपछि दुई वटा बाटो उनको अगाडि तेर्सिए । एउटा बाटो लण्डनमा रहेका होटल-रेष्टुरेन्टहरूमा काम गर्ने र अर्को बाटो नेपाल फर्केर आफैंले होटल या रेष्टुरेन्ट खोल्ने ! यी दुई बाटामध्ये दोस्रो बाटो रोजे उनले । होटल-रेष्टुरेन्ट खोल्ने सोचका साथ गृहनगर काठमाडौं टेकेदेखि होटल-रेष्टुरेन्टका लागि उपयुक्त स्थान खोजी गरे ।



यसै क्रममा कुपण्डोल कानदेवता स्थानमा संगीतकार महेश खड्काले चलाउन नसकेर छाडेको रेष्टुरेन्ट लिजमा रहेको थाहा भएपछि त्यसलाई चलाउने हिम्मत मात्र गरेनन् नयाँ नाम पनि दिए- पप्स रेष्ट्रो एण्ड बार । यही नामबाट कुपण्डोल कानदेवता स्थानमा दुई वर्षयता पप्स रेष्ट्रो एण्ड बारलाई व्यावसायिक रूपमा चलाउँदै आएका मोडल कार्कीको पढाइअनुरूप रेष्टुरेन्ट पनि पूर्णतया पारिवारिक वातावरणमा व्यवस्थित छ । कुकदेखि वेटरसम्म होटल म्यानेजमेन्टमा ग्र्याजुएट गरेका भएबाट यस रेष्टुरेन्टको बेग्लै आकर्षण देखिएको छ ।

हरेक शुक्रबार बलिउडमा समेत प्रसिद्धि पाएका नेपाली डान्सर अनुपम श्रेष्ठको ब्याली डान्सको छुट्टै मज्जा र प्रत्येक दिनजसो कुनै न कुनै नेपाली सेलिब्रेटीको जमघटले पनि पप्स रेष्ट्रो एण्ड बारले बेग्लै पहिचान बनाएको छ । यो रेष्टुरेन्टको विशेषता चिनियाँ खाना नै हो । चिनियाँ खानाका लागि चिनियाँ खानामा ग्र्याजुएट कुक बिक्रम मगरले तयार पारेका लिम्पा ख्वोगंवा, कम्बो-ची लगायतले नेपाली जिब्रोलाई नयाँ स्वाद दिने प्रयास भएको पाइन्छ ।

नेपाली स्वादका पारखीहरूका लागि नेपाली परिकारहरूको पनि अर्डर अनुसार विशेष व्यवस्था भएको पप्स रेष्ट्रो एण्ड बारमा इण्डियन बिऱ्यानी, चिकेन-टिक्काको मज्जा पनि बेग्लै हुने गरेको छ । साथमा मकटेललाई वेलकम ड्रिंक्सको रूपमा आकर्षक ढंगले पस्कने पप्सको विशेषता नै रहेको कान्तिपुर होटल म्यानेजमेन्ट कलेजबाट ग्र्याजुएट गरेर पप्समा केही समययता सुपरभाइजर पदमा कार्यरत अभिशेक कर्माचार्य बताउँछन् ।

कर्माचार्यका अनुसार नेपाली, चिनियाँ, इण्डियन र कन्टिनेन्टल खानाको लागि पप्समा परिवारसहित आउँदा चार जनाको लागि खल्तीमा सरदर दुई हजारदेखि पच्चीस सयसम्म बोकेर आए हुन्छ । बारको लागि ड्रिंक्स अनुसार फरक हुने उनी जानकारी दिन्छन् । पाँच तलामाथिको रेष्टुरेन्ट भएकोले





काठमाडौंको दृश्यलाई छर्लङ्ग हेरेर विभिन्न खानाको स्वाद लिनुको मज्जा बेग्लै हुने गरेको छ ।

## पप्समा नेपाली सेलिब्रेटीहरूको मेनु

पप्स रेष्ट्रो एण्ड बारमा आउने प्रायः नेपाली सेलिब्रेटीहरूको पहिलो रोजाइ नै इटालियन पास्ता हो । इटालियन पास्ता सबै सेलिब्रेटीले मन पराउने गरेको रेष्टुरेन्ट प्रोप्राइटर विजय कार्की बताउँछन् । मालाज हसिया, मिसन पैसा रिलोडेडलगायत केही छोटा चलचित्रको पनि सुटिङ भइसकेको यस रेष्टुरेन्टमा महानायक राजेश हमाल पनि बेला बेलामा आउने गरेका छन् । राजेश हमाल स्याण्डवीच नै बढी मन पराउँछन् ।

सदाबहार नायिका करिश्मा मानन्धरचाहिँ ममको पारखी रहिछन् । ममको साथमा कोल्ड-ड्रिंक्स अर्डर गर्ने करिश्माको ठीक विपरीत नयाँ पुस्ताका नायिकाहरु प्रियंका कार्की, सुषमा कार्कीहरु चिनियाँ खाना र सेतो पुलाउ मन पराउने गर्छन् । अर्की नायिका हर्षिका श्रेष्ठ करिश्मा जस्तै बढी मम र चाउमिन मन पराउने गर्छिन् ।

चकलेटी हिरो आर्यन सिग्देल चिल्लो कम भएको इण्डियन खाना रोज्ने गर्छन् । मोडल प्रज्ज्वल गिरी इण्डियन बिऱ्यानी भनेपछि मक्ख पर्ने गर्छन् । चलचित्र नागबेलीका निर्देशक एवम् चर्चित डान्स मास्टर गोविन्द राई पप्समा नेपाली डिसहरु नै अर्डर गर्ने गर्छन् ।

> हरेक शुक्रबार बलिउडमा समेत प्रसिद्धि पाएका नेपाली डान्सर अनुपम श्रेष्ठको ब्याली डान्सको छुट्टै मज्जा र प्रत्येक दिनजसो कुनै न कुनै नेपाली सेलिब्रेटीको जमघटले पनि पप्स रेष्ट्रो एण्ड बारले बेग्लै पहिचान बनाएको देखिन्छ ।







# आश्चर्यजनक हाइटी दरबार




**दरबारको छतमा आकाशको पानी संकलन गर्नका लागि छतको केही भाग भिरालो बनाई कुण्डमा पानी संकलन गर्ने व्यवस्था मिलाइएको छ। यसबाट आपतकालीन अवस्थामा पानीको जोहो हुन सक्छ। साथै राजा र उनका परिवारका लागि महल, क्वार्टर, स्नानगृहलगायतको पर्याप्त व्यवस्था गरिएको पाइन्छ। हेर्दा अत्यन्त व्यवस्थित र हातहतियार सम्पन्न किल्ला भए पनि हालसम्म एकपटक पनि युद्ध नलडिएको किल्लाको रूपमा यसलाई लिइन्छ।**

■ **शब्द/तस्वीर : घनबहादुर थापा**

अग्लो टाकुरामा अवस्थित विशाल दरबारसहितको अग्लो किल्ला, दरबार परिसरमा थुपारिएका प्रशस्त तोप, गोला र पुराना हातहतियारहरु। दरबारभित्र रहेका ऐतिहासिक एवम् पुरातात्विक महत्वका सामग्रीहरु तथा अभिलेखहरु। दरबारमा पुग्न इँटा बिछ्याएर बनाइएको कलात्मक बाटो। दरबार परिसर तथा छतबाट देखिने समग्र क्याप हाइसन र मिलोट क्षेत्र तथा आन्ध्र महासागर एवम् वरिपरिका रमणीय, मनमोहक डाँडाकाँडाहरु। हाल हाइटीको राष्ट्रिय इतिहास पार्कको रूपमा परिचित हाइटीको उत्तरी क्षेत्रमा अवस्थित सिटाडेल दरबारले स्थापित गरेको परिचय हो यो। पश्चिमी गोलार्द्धको सबैभन्दा ठूलो किल्लाको रूपमा समेत लिइने यस दरबारमा हाइटी पुग्ने जो कोही एकपटक भ्रमण गरेरै छाड्छन्।

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ फर्मड पुलिस युनिटको रूपमा कार्यरत रहन क्यारेबियन मुलुक हाइटी प्रस्थान गर्ने नेपाल प्रहरीका एकसय ७० कर्मचारीमध्ये म पनि एक थिएँ। हाइटीमा रहँदा बस्दा त्यहाँका कोर्मिएर, लावादी, पोर्ट-अ-प्रिन्स लगायतका रमणीय एवम् पर्यटकीय स्थल घुम्ने अवसर पाइयो। सो क्रममा ३१ डिसेम्बर २०१३ मा हामी पनि उक्त चर्चित दरबारमा पुग्यौं। त्यहाँ जाने क्रममा बाटोमा पर्ने तत्कालीन राजा क्रिष्टोफको राजदारबारको भग्नावशेष देखियो। त्यहाँबाट अलि माथि पुगेपछि हाम्रो जीप रोकियो। त्यसभन्दा माथि मोटरबाटो भए पनि उकालो बाटो भएकोले जीप लैजान अप्ठेरो रहेछ। अग्लो टाकुरोमा अवस्थित र उकालो यात्रा भएकोले आगन्तुक सवारका लागि घोडाको व्यवस्था गरिएको रहेछ। घोडामा यात्रा गर्न प्रोत्साहन दिइए पनि अधिकांश यात्रु उचाईको मनोरम दृश्य हेर्दै पैदल नै उकालो चढ्न रूचाउने रहेछन्। हामी पनि पैदलै जाने निर्णय गर्‍यौं। एउटा हाइसियन फुच्चे भाइ हाम्रो पछि लाग्यो। उसलाई गाइडको रूपमा लियौं।

१९औं शताब्दीको सुरूमा हाइटीले फ्रान्सदेखि स्वतन्त्रता प्राप्त गरेपछि तत्कालीन राजा हेनरी क्रिष्टोफले सिटाडेल दरबारको निर्माण गरेका थिए। यसको निर्माण सन् १८१० मा सुरू भई १८१३ मा पूरा भएको थियो। तथापि यसको विशाल ढुङ्गा संरचना समेतको निर्माणमा सन् १८०५ र १८२० को बीचमा २० हजार कामदार निर्माण कार्यमा सहभागी भएको इतिहासमा उल्लेख छ। यस विशाल संरचनालाई फ्रान्सेली कुदृष्टिदेखि बचाउन र हाइटीको स्वतन्त्रता कायम राख्नका लागि विशेष ध्यान दिइएको पाइन्छ।







सिटाडेल किल्लाको उचाई टाकुरोदेखि एकसय ३० फिट छ । अगाडि र दायाँ बायाँको भाग भिरालो छ, जहाँ मान्छे हिँड्न सक्छन् । पछाडिको भाग भने ठाडो छाँगो रहेछ, माथिबाट हेर्दा कहाली लाग्ने । दरबारले वरपरको मैदान छाडेर एकलाख ८ हजार वर्गफिटको क्षेत्र ओगटेको छ । यसभित्र ५ हजार रक्षकको लागि एक वर्षसम्म पर्याप्त हुने भोजन र पानी भण्डारण गरी राख्न सक्ने क्षमता सहितको डिजाइन गरिएको छ । दरबारको छतमा आकाशको पानी संकलन गर्नका लागि छतको केही भाग भिरालो बनाई कुण्डमा पानी संकलन गर्ने व्यवस्था मिलाइएको छ । यसबाट आपतकालीन अवस्थामा पानीको जोहो हुन सक्छ । साथै राजा र उनका परिवारका लागि महल, क्वार्टर, स्नानगृहलगायतको पर्याप्त व्यवस्था गरिएको पाइन्छ । हेर्दा अत्यन्त व्यवस्थित र हातहतियार सम्पन्न किल्ला भए पनि हालसम्म एकपटक पनि युद्ध नलडिएको किल्लाको रुपमा यसलाई लिइन्छ ।

सिटाडेल दरबार हाइटीको सबैभन्दा लोकप्रिय पर्यटन गन्तव्य मानिन्छ । दरबारका एतिहासिक बस्तुहरुलाई हाल मुद्रा, टिकट र पर्यटन सेवाको पोष्टरहरुमा समेत चित्रित गरी हाइसियन राष्ट्रिय प्रतीकको रुपमा अंकित गरिएको छ ।

दरबारभित्रका ऐतिहासिक वस्तुहरु नियाल्दा जो कोही पनि चकित हुने गर्दछन् । दरबारको निर्माण कार्य र यति ठूला र गह्रौं वजन भएका वस्तुहरु तत्कालीन अवस्थामा कसरी अग्लो टाकुरामा पुऱ्याइएको होला ! जो कोही पनि आश्चर्यचकित हुने अवस्था छ ।



# गौं ली को अभिनय यात्रा



गौं ली नामी चिनियाँ अभिनेत्री हुन् । सन् १९६५ को अन्तमा चीनको शङयाङ शहरमा उनको जन्म भएको हो । एक वर्षको उमेरमा उनी आफ्ना बाबुआमासँगै शाङ्तोङ प्रान्तमा गइन् । सानै उमरदेखि गीत गाउने र नाच्ने कलामा उनको रूचि थियो । सन् १९८५ मा उनी चीनको केन्द्रीय नाटक कलेजमा भर्ना भइन् ।

सन् १९८७ मा चाङ यी मौले पहिलोपटक निर्देशन गरेका 'रेड शर्घम' चलचित्रमा गौं ली मुख्य अभिनेत्री भइन् । यो चलचित्र ३८औं बर्लिन अन्तर्राष्ट्रिय फिल्म समारोहमा सर्वोत्कृष्ट पुरस्कार सुनौलो भालु पाउन सफल भयो । सन् १९९० मा गौं लीले निर्देशक चाङ यी मौसँगै निरन्तर काम गर्दै आफ्नो तेस्रो चलचित्र 'चु तौ' मा मुख्य अभिनेत्री भइन् । यो चलचित्रले 'क्यान्स अन्तर्राष्ट्रिय फिल्म समारोह'मा विशेष पुरस्कार पाएको थियो । सन् १९९१ मा गौं लीले चाङ यी मौले निर्देशन गरेको अर्को चलचित्र 'रातो बत्तीको उदय'मा फेरि एकपटक अभिनय गरिन् । यो फिल्मले ४८औं भेनिस अन्तर्राष्ट्रिय फिल्म प्रतियोगितामा पुरस्कार प्राप्त गरेको थियो । यो फिल्मले विश्व र चीनमा धेरै प्रतियोगितामा थुप्रै पुरस्कार प्राप्त गरिसकेको छ । अनि त्यही फिल्ममा अभिनय गरेवापत उनले चीनको १६औं लोकप्रिय फिल्म सयौँ फूल पुरस्कार अन्तर्गत सर्वश्रेष्ठ अभिनेत्रीबाट विभूषित भइन् । सन् १९९२ मा गौं लीले 'छिउ चुको कथा'मा मुख्य अभिनेत्रीको भूमिका निर्वाह गरिन् । यो फिल्म गौं लीको प्रतिनिधि फिल्महरूमध्ये एक हो । यो फिल्मले ४९औं भेनिस अन्तर्राष्ट्रिय फिल्म प्रतियोगितामा सुनौलो सिंह प्राप्त गरेको थियो । गौं लीले यस फिल्ममा उत्कृष्ट अभिनयबाट भेनिस अन्तर्राष्ट्रिय फिल्म प्रतियोगितामा उत्कृष्ट अभिनेत्रीको पुरस्कार पनि प्राप्त गरिन् ।

सन् १९९३मा गौं लीले छन् खाइ कले निर्देशन गरेको चलचित्रमा अभिनय गरिन् । सोही वर्ष चलचित्र 'मेरी रखेलको बिदाइ'मा गौं लीले मुख्य अभिनय गरेकी थिइन् । यो फिल्मले क्यान्स अन्तर्राष्ट्रिय फिल्म समारोहमा उत्कृष्ट पुरस्कार 'गोल्ड पाम' प्राप्त गरेको थियो । साथै गौं लीले यस फिल्मबाट 'न्युयोर्क फिल्म क्रिटिक सर्कल अवार्ड'मा सबैभन्दा राम्रो सहायक अभिनेत्रीको पुरस्कार प्राप्त गरेकी थिइन् ।

**सन् १९८७ मा चाङ यी मौले पहिलोपटक निर्देशन गरेका 'रेड शर्घम' चलचित्रमा गौं ली मुख्य अभिनेत्री भइन् । यो चलचित्र ३८औं बर्लिन अन्तर्राष्ट्रिय फिल्म समारोहमा सर्वोत्कृष्ट पुरस्कार सुनौलो भालु पाउन सफल भयो । सन् १९९० मा गौं लीले निर्देशक चाङ यी मौसँगै निरन्तर काम गर्दै आफ्नो तेस्रो चलचित्र 'चु तौ' मा मुख्य अभिनेत्री भइन् । यो चलचित्रले 'क्यान्स अन्तर्राष्ट्रिय फिल्म समारोह'मा विशेष पुरस्कार पाएको थियो । सन् १९९१ मा गौं लीले चाङ यी मौले निर्देशन गरेको अर्को चलचित्र 'रातो बत्तीको उदय'मा फेरि एकपटक अभिनय गरिन् ।**



सन् १९९४ मा गौं लीले निर्देशक चाङ यी मौको फिल्म 'जिउँदो रहुन्जेलसम्म'मा अभिनय गरिन् । यो फिल्मले 'क्यान्स अन्तर्राष्ट्रिय फिल्म समारोह'मा जूरी पुरस्कार प्राप्त गरेको थियो । सन् १९९५ मा निर्देशक चाङ यी मौको फिल्म 'सांघाण ट्राइड, सेक द ब्रिज तु ग्राण्ड मदर'मा गौं लीले मुख्य अभिनेत्रीको भूमिका निर्वाह गर्नुका साथै फिल्ममा सबै गीत गाएकी थिइन् । यो फिल्मदेखि गौं ली र चाङ यी मौंको प्रेम टुक्रिएको घोषणा गरिएको थियो । यो फिल्मले विश्वमा धेरै प्रतियोगितामा धेरै पुरस्कार प्राप्त गरेको थियो ।

सन् १९९६ मा गौं लीले निर्देशक छन् खाइ कसँग फेरि एकपटक काम गरिन् । फिल्म 'टेम्प्रेस मुन'मा गौंली र चीनको हङकङका अभिनेता चाङ को रोङले मुख्य अभिनय गरेका छन् । सन् १९९७ मा गौं लीले निर्देशक वाङ योङको फिल्म 'चाइनिज बक्स'मा मुख्य अभिनय गरिन् । सोही वर्ष 'क्यान्स अन्तर्राष्ट्रिय फिल्म समारोह'को निमन्त्रणामा गौं ली क्यान्स अन्तर्राष्ट्रिय फिल्म समारोहको निर्णायक भइन् । सन् १९९९ मा गौं लीले निर्देशक छन् खाइ कसँग तेस्रो पटक काम गरिन् । उनले 'द इम्पेरर एण्ड एसासिन'मा मुख्य अभिनय गरिन् । सो अवधिमा गौं लीले हङकङका धेरै फिल्ममा अभिनय गरिन् ।

सन् २००० देखि सन् २००३ सम्म गौं लीले आफ्नो भूमिकामा केही परिवर्तन गरिन् । उनले निर्देशक सुङ चौसँग दुई वटा फिल्ममा अभिनय गरेकी थिइन् । ती दुई वटा फिल्म गौं लीद्वारा अभिनय गरेका पूर्ववर्ती फिल्मभन्दा फरक थिए । फिल्म 'तोडिएको मौनता'मा गौं लीको आश्चर्यजनक अभिनयबाट 'मोन्ट्रियल अन्तर्राष्ट्रिय फिल्म समारोह'मा उत्कृष्ट अभिनेत्रीको पुरस्कार प्राप्त गरिन् । सन् २००० देखि सन् २००३ सम्म  बर्लिन अन्तर्राष्ट्रिय फिल्म समारोह, भेनिस अन्तर्राष्ट्रिय फिल्म प्रतियोगिता, टोकियो अन्तर्राष्ट्रिय फिल्म समारोहको निमन्त्रणामा गौं ली निर्णायक थिइन् ।

सन् २००७ मा अमेरिकी हलिउडमा प्रवेश गर्नका लागि गौंले फिल्म 'मेमोरिज अफ अ गइसा'मा अभिनय गरिन् । सन् २००८ देखि सन् २०१३ सम्म गौं लीले दुई वटा फिल्ममा मात्र अभिनय गरिन् । सन् २०१३ को अन्तमा गौं ली र निर्देशक चाङ यी मौंबीचको सम्बन्ध फेरि नवीकरण भयो । उनले अभिनय गरेको पछिल्लो फिल्म 'घर फर्क' यसै वर्ष प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# चिन्डोभित्र चिनियाँ संस्कृति

■ चेतनाथ आचार्य

पैचिङ शहरको दक्षिण-पूर्वमा फान्चियायुआन नामको स्थान आन्तरिक चिनियाँ पर्यटक र बाह्य पर्यटकका लागि ख्यातिप्राप्त छ । यो चीनको सबैभन्दा ठूलो सांस्कृतिक र पुरातात्विक बजार हो । यहाँ रहेका सयौँ पसलहरूमा दैनिक हजारौँ व्यक्तिले किनमेल गरिरहेका हुन्छन् । यहाँ कुनै पनि आधुनिक सरसामान पाइँदैन । तर चीनका सबै प्रान्त, सबै अल्पसंख्यक जाति, भूगोल, इतिहास, संस्कृति आदि क्षेत्रको महत्व बोकेका परम्परागत वस्तु सजिलै पाउन सकिन्छ । परम्परागत भाँडाकुँडादेखि भालाबाँडसम्म, पोसाकदेखि पुस्तकसम्म, मूर्तिदेखि माटोसम्म, बाजादेखि बालासम्म, चित्रदेखि चिन्हसम्म र मुकुण्डोदेखि भकुण्डोसम्म पाइन्छ । ती सबै बस्तु आधुनिक चाहिँ होइनन् । यहाँ हिमालको ढुङ्गादेखि समुद्रको मणिसम्म पाइन्छ ।

यो बजारमा भएका हरेक वस्तुले गहन रूपमा चिनियाँ संस्कृतिलाई प्रतिविम्बित गरेका हुन्छन् । एउटा खोजकर्ता अथवा अनुसन्धानकर्ताका लागि यो बजार सबैभन्दा ठूलो स्रोत हुनसक्छ । इतिहास र संस्कृतिका विद्यार्थीका लागि सबैभन्दा ठूलो विश्वविद्यालय हो । यहाँ देखिएका वस्तुमध्ये सबैको वर्णन गर्ने हो भने एउटा व्यक्तिले बोक्न नसक्ने ठेली तयार हुन्छ । यहाँ देखिएका अथवा बेच्न राखिएकामध्ये चिन्डो पनि एउटा आकर्षण हो । चिन्डो तरकारी खानका लागि प्रयोग हुने लौका प्रजातिको एउटा वनस्पति हो । नेपालमा पनि पाइने यसलाई स्थान अनुसार फरक नाम दिइएको छ । कुनै क्षेत्रमा तुम्बा भनिन्छ भने कुनै स्थानमा डल्ले लौका भनिन्छ । चीनमा ताजा चिन्डोलाई तरकारीका रूपमा प्रयोग गरिए पनि सुकाएर राखिएको चिन्डोको भने परम्परागत सांस्कृतिक महत्व रहेको छ । परिपक्व भएको पहेँलो रङको चिन्डो हातको मुठीमा अटाउनेदेखि ठूलो फर्सीजत्रो पनि हुन्छ ।

पैचिङका अन्य बजारमा पनि चिन्डो प्रशस्तै बेच्न राखेको पाइन्छ । पैदय यात्री हिँड्ने बाटोदेखि पुराना बजारमा चिन्डोलाई आकर्षक रूपमा सजाएर बेच्न राखिएको हुन्छ, तर फान्चियायुआन बजारमा भने चिन्डोकै मात्र पसल दर्जनौँ रहेका छन् । यहाँ पाइने चिन्डोको सङ्ख्या र आकारप्रकार पनि अन्यत्रभन्दा अधिक छ । पर्यटकलाई लक्ष्यित गरी विभिन्न आकार र प्रकारका चिन्डोलाई आकर्षक तरिकाले पेन्टिङ गरिएको पाइन्छ । त्यसैगरी चिन्डोबाट विभिन्न बाजाहरु पनि बनाइएको हुन्छ । नेपाली संस्कृतिमा पनि केही जातीय क्षेत्रमा चिन्डोको सांस्कृतिक महत्व छ । तर चिनियाँ संस्कृतिमा चिन्डो आफैँमा महत्वपूर्ण र शुभ सङ्केतका रूपमा हजारौँ वर्षदेखि रहँदै आएको छ ।

चिनियाँ परम्परामा उपचार गर्ने व्यक्तिले चिन्डो बोकेर आउँथे । त्यो चिन्डोभित्र औषधि अथवा कुनै जादुमय पेय बस्तु हुन्थ्यो, जसका कारण चिन्डो उपचार गर्नमा प्रख्यात मानिन्थ्यो । चिन्डोले आसपासका सबै नकारात्मक शक्तिलाई सोस्ने गर्छ भन्ने मान्यता थियो । अहिले पनि त्यो मान्यता कायम रहेकाले चिन्डो हरेक शुभकार्यमा सजावटका रूपमा रहन्छ । प्रायः चिनियाँहरूको घरमा चिन्डो राखिएकै हुन्छ । वृद्धवृद्धाहरु हातमा

**चीनको ताओ धर्मपरम्परामा चिन्डो बोकेर अजम्बरी भएका कथाहरू समेटिएका छन् । त्यो चिन्डोभित्र रक्सी, जादुमय औषधि रहेको र भगवानहरू त्यही खाएर अजम्बरी भएको वर्णन त्यस्ता कथामा उल्लेख छ । चिन्डोलाई परम्परागत चिनियाँ भाषामा वानताइ भनिन्थ्यो । यसको अर्थ हुन्थ्यो दस हजार पुस्ता । आधुनिक चिनियाँ भाषामा भनिने हुलु र परम्परागत चिनियाँ भाषामा भनिने वानताइको संयुक्त अर्थ तपाईंको पुस्तौँ पुस्तासम्म फलिफाप होस् भन्ने हुन्छ ।**

राखेर साना साना आकर्ष चिन्डोलाई खेलाउने गर्छन् । यसबाट उनीहरू हातका औँलाको कसरत पनि गरिरहेका हुन्छन् । मान्छेको स्वास्थ्यमा असर गर्ने प्रमुख कारक तत्व भनेको नै आफ्नो आसपासको धर्तीमा भएको नकारात्मक शक्ति हो भन्ने मान्यता थियो । सुख्खा बनाइएको चिन्डोमा औषधिबाहेक पानी अथवा रक्सी बोक्नका लागि पनि पहिलेको समयमा प्रयोग गरिन्थ्यो । उत्तरी चीनका किसानहरूले चिन्डोलाई काटेर रक्सी हाल्ने भाँडो अथवा डाडुका रूपमा प्रयोग गर्दथे । अहिले पनि कुनै कुनै क्षेत्रमा प्रेममा परेका केटाकेटीले मध्यशरद पर्वमा चिन्डो चोर्ने चलन छ । बिहेपछि उनीहरूका छोराछोरी होउन् भन्नका लागि यो परम्परा रहेको हो ।

चिनियाँ संस्कृतिमा चिन्डो शुभसङ्केत हो । चिनियाँ भाषामा यसलाई हुलु भनिन्छ । हु भनेको सुरक्षाकवच हो भने लु भनेको आशीर्वाद हो । परापूर्वकालमा चिन्डोलाई साना शिशुको ढाडमा बाँधिन्थ्यो । यसले गर्दा उनीहरु आँधीबेहरी, बाढीपहिरो अथवा समुद्रबाट पनि सुरक्षित रहन्छन् भन्ने विश्वास थियो । यसले रोगब्याधीबाट पनि बचाउँछ भन्ने मानिन्थ्यो । त्यसैगरी यसले बालबच्चालाई बिफर र दादुराबाट पनि बचाउँछ भन्ने विश्वास थियो ।

चीनको ताओ धर्मपरम्परामा चिन्डो बोकेर अजम्बरी भएका कथाहरु समेटिएका छन् । त्यो चिन्डोभित्र रक्सी, जादुमय औषधि रहेको र भगवानहरु त्यही खाएर अजम्बरी भएको वर्णन त्यस्ता कथामा उल्लेख छ । चिन्डोलाई परम्परागत चिनियाँ भाषामा वानताइ भनिन्थ्यो । यसको अर्थ हुन्थ्यो दस हजार पुस्ता । आधुनिक चिनियाँ भाषामा भनिने हुलु र परम्परागत चिनियाँ भाषामा भनिने वानताइको संयुक्त अर्थ तपाईंको पुस्तौँ पुस्तासम्म फलिफाप होस् भन्ने हुन्छ ।

चिन्डो अंग्रेजीको आठ अङ्क (8) जस्तो आकारको हुन्छ । चिनियाँमा आठ नम्बरलाई सबैभन्दा प्यारो र भाग्यशाली मानिन्छ । चिन्डोको माथिल्लो भागले स्वर्ग र तल्लो भागले पृथ्वीलाई प्रतिनिधित्व गरेको मान्यता छ । त्यसकारण चिन्डो स्वर्ग र धर्तीको संगम पनि हो ।

अहिले पनि कुनै चिनियाँ औषधिउपचार गर्ने क्लिनिक, औषधि पसल अथवा कुनै औषधि कम्पनी खोलियो भने चिन्डोलाई बाहिर झुण्ड्याउने प्रचलन छ । त्यसकारण चिन्डोले अशल स्वास्थ्य, उत्तरोत्तर प्रगति, समृद्धि, सुख र शान्तिको सन्देश बोकेको हुन्छ ।

सबै चिन्डोको रङ पहेँलो हुन्छ । त्यसकारण चिन्डोलाई पहेँलो नदी ह्वाङ हो, ड्रागनको नसा र महिलाको गर्भाशयको प्रतिबिम्ब मानिन्छ चिनियाँ समाजमा । परम्परागत चिनियाँ नक्सामा पहेँलो नदी अर्थात ह्वाङ हो चिन्डोको नक्साको आकार जस्तै गरेर बगेको अंकित थियो । त्यसैगरी ड्रागनको नसा जसको शक्तिले पहाड पनि बगाउँथ्यो, त्यो पनि चिन्डोकै आकारमा भएको वर्णन गरिन्छ । त्यसैगरी यसलाई गर्भाशयको प्रतीक पनि मानिन्छ, जहाँबाट नयाँ सिर्जना हुन्छ ।

चिनियाँ संस्कृतिमा अत्यन्त लोकप्रिय मानिएको मिङ वंशको पश्चिमको यात्रा धार्मिक उपन्यासमा पनि चिन्डोको राम्रो वर्णन छ । त्यस उपन्यासको एक भागमा तीर्थयात्रामा निस्किएका बाँदरका राजाले एउटा दानवसँग दसहजार मान्छेलाई बन्दी बनाउन सक्ने जादुमय चिन्डो भएको थाहा पाउँछ । बाँदरको राजा भेष बदलेर गई आफूसँग सारा ब्रह्माण्ड अटाउन सक्ने जादुमय चिन्डो भएको गफ लगाउँछ । वास्तवमा ऊसँग एउटा सामान्य चिन्डो थियो । दानवले परीक्षण गरेर हेर्न चाहन्छ । बाँदरको राजासँग अति विलक्षण र असाधारण प्रतिभा थियो । उसले केही बेरमै सूर्य, चन्द्रमा र ताराहरूलाई अदृश्य बनाइदियो । त्यो देखेर दानवले आफूसँग भएको जादुमय चिन्डो बाँदरको राजासँग भएको अचम्मको चिन्डो (तर सामान्य)सँग साट्छ । आदिम कालका चिनियाँ सिक्का पनि चिन्डो आकारमा जारी गरिएका थिए ।

चिन्डोका आकार र त्यसमा गरिएको पेन्टिङ अनुसार मूल्य निर्धारण गरिएको हुन्छ । अझ चिन्डोलाई कुनै बाजामा परिणत गरिएको छ भने त्यसको मूल्य थप महंगो हुन्छ । साना साना नानीहरूले बजाउने बाजादेखि वयष्क व्यक्तिले व्यावसायिक रूपमा बजाउने बाजासम्म चिन्डोबाट बनाउन सकिन्छ । बजार नै चिन्डोमय देख्दा लाग्छ धन्य छ चिन्डोमा चुलिएको चिनियाँ चलन ।

*लेखक चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई) नेपाली सेवा, पैचिङमा विदेशी विशेषज्ञका रूपमा कार्यरत छन् ।*





# विकासप्रेमी तिब्बती महिला



तिब्बत पठारको दक्षिणी भेगमा अवस्थित छिङ हाईमा एउटा पुरानो तथा गोप्य जाति बसोबास गर्छ । उनीहरूको आफ्नो विशेष भाषा छ तर लिपि छैन । उनीहरु लामो समयसम्म लिन्ची, मिलिन आदि यातायात असुविधा क्षेत्रमा बसेका थिए र बाहिरी दुनियाँको सम्पर्कमा थिएनन् । उक्त जातिको जनसंख्या अत्यन्त कम छ । उनीहरूको जनसंख्या लगभग तीन हजार मात्र रहेको छ । चीनका अल्पसंख्यक जातिमध्ये सबैभन्दा कम जनसंख्या भएको जाति हो लो पा जाति । लो पा जातिका सर्वसाधारणलाई कसरी अझ धनी बनाउने र उनीहरूको जीवनस्तर उकास्ने भन्ने विषयमा लामो समयदेखि धेरैको ध्यान तानेको छ । चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलनमा लो पा जातीय सदस्य गसाङजोगा यिनीहरूमध्येकी एक हुन् । उनले जन्मथलोको आर्थिक तथा सांस्कृतिक विकासमा ध्यान दिइरहन्छिन् । उनी भन्छिन्– 'केही वर्षयता लो पा जाति बसोबास भएको क्षेत्रमा राम्रोसँग विकास सुरू भएको छ । पुरातात्विक वस्तुको संरक्षणलाई नियाल्दा केही वर्षदेखि केन्द्रीय सरकारले धेरै नीति चालेको छ र हामीले पनि सक्रियता लिइरहेका छौँ ।'

गसाङजोगाले जानकारी दिएअनुसार, लो पा जातिको आफ्नो लिपि छैन त्यसैले हाल अलिखित रूपमा लोक संस्कृतिका माध्यमबाट सक्रिय रूपमा व्यवस्था तथा पुस्तान्तरण हुँदै आएको छ । दुई वर्षअगाडि मिलिन जिल्लाको लो पा जातीय पोशाक संस्कृतिलाई स्थानीय अमूर्त सम्पदा सूचीमा राखिएको थियो । गसाङजोगा बसेकी मोथो जिल्ला दामु क्षेत्रको लो पा जातीय गाउँले जातीय नाचगान, खाद्य संस्कृति आदिको उत्तराधिकार तथा संरक्षण गर्न पनि सक्रिय प्रयास गरिरहेको छ ।

संस्कृतिक विकास र संरक्षणबाहेक केही वर्षदेखि आर्थिक विकास र सडक निर्माणमा देशले पनि लो पा जातिलाई ठूलो सहयोग प्रदान गरेको  छ । सन् २०१३ को अक्टोबरदेखि मोथो राजमार्ग संचालन भएपछि मोथोमा चीनको अन्तिम मार्ग नपुग्ने जिल्लाको इतिहास पनि मेटिएको छ । जसबाट हिमाली पहाडीक्षेत्र मोथो बासिन्दा र बाहिरसँग सम्पर्कको अवरोध हटेको छ । यातायात सुविधा भएपछि मोथो स्थानीय बासिन्दाको जीवनमा पनि ठूलो परिवर्तन भएको छ ।

उनी भन्छिन्– 'गत अक्टोबरदेखि राजमार्ग संचालनमा आएको छ । राजमार्ग संचालन त भयो तर मौसमी राजमार्ग बनेको छ । मार्चदेखि अप्रिलसम्म हिउँ पहिरो जान्छ । जुलाईदेखि अगष्टसम्म त्यहाँको राजमार्गका लागि सबभन्दा राम्रो मौसम हो । अहिले धेरै सर्वसाधारणले गाडी किनेका छन् । ट्याक्सी चलाउने मान्छेको संख्या पनि वृद्धि भएको छ । पहिला त यस्तो चेतना थिएन । अझ केही व्यक्तिले त गाउँमै सानो पसल पनि खोलेका छन् । पहिला एक प्याकेट तयारी चाउचाउ किन्नका लागि १५ युआनसम्म पर्दथ्यो । त्यतिबेला यातायात खर्च धेरै थियो । हाल लिन्ची क्षेत्रकै मूल्यमा सामान पाउन थालिएको छ ।'

गसाङजोगाका अनुसार राजमार्ग संचालनमा आएपछि मोथोको मुख्य विकासले पनि काँचुली फेरेको छ । स्थानीयहरु



**संस्कृतिक विकास र संरक्षणबाहेक केही वर्षदेखि आर्थिक विकास र सडक निर्माणमा देशले पनि लो पा जातिलाई ठूलो सहयोग प्रदान गरेको  छ। सन् २०१३ को अक्टोबरदेखि मोथो राजमार्ग संचालन भएपछि मोथोमा चीनको अन्तिम मार्ग नपुग्ने जिल्लाको इतिहास पनि मेटिएको छ। जसबाट हिमाली पहाडीक्षेत्र मोथो बासिन्दा र बाहिरसँग सम्पर्कको अवरोध हटेको छ। यातायात सुविधा भएपछि मोथो स्थानीय बासिन्दाको जीवनमा पनि ठूलो परिवर्तन भएको छ।**

अझ राम्रो अनि अझ तीव्र विकासको आशामा छन् । विकासका लागि समय अपुग भएको जस्तो उनलाई लागेको छ । चिनियाँ जन राजनीतिक परामर्शदात्री सम्मेलनको सदस्यका हिसाबले अझ राम्रोसँग पालना गर्नका लागि उनले शाननान, लिन्ची आदि लो पा जाति बसोबास क्षेत्रमा पुगेर अनुसन्धान गरिन् । यसैगरी दुईवटा अधिवेशनमा उनले जातीय कार्यकर्ता चयन तथा नियुक्ति हुने संख्या बढाउने प्रस्ताव पनि गरिन् ।


उनी भन्छिन्- 'तिब्बती शाननान क्षेत्रमा दुई सयभन्दा बढी लो पा जातीय बासिन्दा बस्छन् र मोथोमा छ सयभन्दा बढी छन् तर हाम्रो जातीय गाउँमा दुई जना लो पा जातिका कार्यकर्ता मात्रै छन् । नैतिक दृश्यबाट अल्पसंख्यक जातिलाई समर्थन दिइसकेको छ र केन्द्रीय सरकारले अल्पसंख्यक जातिको विकासमा पनि ध्यान दिएको छ । तर काम गर्दा हामीसँग धेरै समस्या देखियो । जस्तो भनौँ, मोथो राजमार्ग भर्खरै सञ्चालन भएको छ, स्थानीय अवधारणा अविकसित छ साथै भाषाले सम्पर्क गर्न पनि समस्या छ । हामीले आफ्नो जातीय भाषामार्फत सम्पर्क गर्न अलि सजिलो छ । देशका अरू ठाउँमा यस्तो समस्या पनि देखिएको होला । हाल मोथोको लागि महत्वपूर्ण विकास अवधि देखिएको छ, स्थानीय कार्यकर्ताको सहयोग हुनैपर्छ ।'

गसाङजोगाको विचारमा जीवनस्तर बढेको बाहेक सर्वसाधारणको अवधारणाको परिवर्तन पनि महत्वपूर्ण छ । उनी भन्छिन्- 'हालै सर्वसाधारणको अवधारणामा ठूलो परिवर्तन आएको छ । यो परिवर्तन चाँडो हुँदै छ । मैले सोचेँ यदि हामीले स्थानीय अल्पसंख्यक जातीय कार्यकर्तालाई प्रशिक्षित गर्न अरू प्रबर्द्धन गरेमा उनीहरूले अझै ठूलो चेतनाको विकासमा सघाउनेछन् र आर्थिक विकासका लागि पनि अझ ठूलो भूमिका निर्वाह गर्नेछन् । त्यसबाट हामी अल्पसंख्यक जाति र देशका अरू ठाउँका विकाससँग समानता मिल्नेछ ।' चिनियाँ जन राजनीतिक परामर्शदात्री सम्मेलनका सदस्यबाहेक गसाङजोगा एक महिला र आमा पनि हुन् । बच्चाको प्रसंग निकाल्दा उनको अनुहारमा गौरवपूर्ण मुस्कान देखियो । यही वर्षको राष्ट्रिय दुई अधिवेशनमा उनले अल्पसंख्यक जातीय क्षेत्रमा प्रारम्भिक स्कुलका विद्यार्थीको गुणस्तर शिक्षा बढाउने प्रस्ताव ल्याइन् । उनको विचारमा अल्पसंख्यक जातीय क्षेत्रको शिक्षा अझै कमजोर छ साथै गुणस्तरीय शिक्षाका लागि नैतिक शिक्षा बढाउनु आवश्यक छ ।

उनी भन्छिन्- 'एकातिर पेसागत शिक्षक-शिक्षिका कमी छ, अर्कातिर पारिवारिक शिक्षा कमजोर छ । शिक्षा र चेतनाको अभावले त्यहाँका नागरिकको स्वास्थ्य अवस्था पनि कमजोर बनेको छ । मैले नैतिक शिक्षा र चेतनास्तर उठाउने कुराको प्रस्ताव गरेको छु । त्यहाँ अरू बढी स्थानीय जातीय शिक्षक-शिक्षिकालाई प्रशिक्षित गर्न जरूरी छ । बच्चाको शिक्षा अवस्था कमजोर हुँदा एक आमाको रूपमा रहेकी मलाई निकै दुःख लाग्छ ।'

अन्तरवार्ता दिँदा गसाङजोको अनुहारमा लाज र तनाव देखिन्थ्यो । तर जन्मथलोको विकास र बच्चाबारे कुरा उठाउँदा उनी निकै उत्तेजित भइन् । यसै वर्ष राष्ट्रिय दुई अधिवेशन र तिब्बती नयाँ वर्षको समय मिलेको छ । त्यसैले अन्तरवार्ताको अन्तमा गसाङजोमाले तिब्बती भाषामार्फत तिब्बतीलाई नयाँ वर्षको शुभकामना दिइन् । उनी भन्छिन्- 'तिब्बती नयाँ वर्षको शुभकामना । सबैको जीवन सुखी रहोस् ।'

*(साभार : सीआरआई नेपाली सेवा)*



नाम कमाउन वर्षौं-वर्षको मेहनत लाग्ने गर्दछ। राजु सिंहले पनि यो नाम बनाउन अठार वर्ष खर्च गर्नुपरेको छ। यसलाई टिकाउन अरुलाई जस्तो उनलाई पनि गाह्रो छ। गाह्रो भएर होला- आम संगीतकर्मीभन्दा फरक भएर हिंड्ने प्रयासमा छन्। यसमा उनी सफल पनि देखिएका छन्। त्यो सफलताको चुलीमा राष्ट्रकवि माधव घिमिरेदेखि तन्नेरी पुस्ताका गीतकारसम्मका प्रिय बनेका छन्।

# प्रतिविम्बको एक्लो यात्री

मानिसको सभ्यताको सुरुवात खोलाकिनारबाट भएको मानिन्छ । जहाँ पानी त्यहाँ जिन्दगानी भन्ने उखान होइन, यथार्थ हो । पानीविना जीवन सम्भव पनि त छैन । त्यसैले त पानी र जीवनको अन्योन्याश्रित सम्बन्ध रहेको छ । त्यही पानी बग्ने काठमाडौंको इच्छु नदी किनारमा हुर्केको मानव संस्कृतिका एक धरोहर हुन् संगीतकार राजु सिंह ।

राजु सिंह सानोमा त्यही इच्छु नदीमा पौडी खेलेर हुर्के । उनका पिता-पुर्खाले त्यही इच्छु नदीको पानी खाएर जीवनलाई अगाडि बढाए । आज त्यही इच्छु नदी संकटमा छ । निर्मल पानी बग्ने इच्छु नदीमा पानीको सट्टा काठमाडौंको फोहोर बग्ने ढल भएको छ । त्यही ढल बनेको हिजोको पवित्र गंगा इच्छु नदी हेरेर टोलाउने राजु सिंहलाई इच्छु नदीले धेरै सिकाएको छ । आफू मेटेर पनि अरूलाई बनाउनु पर्दछ र अरूलाई आदर गर्न जानेमा आफूले पनि सम्मान पाइन्छ भन्ने सिकेका छन् ।

तिनै राजु सिंह नेपाली समसामयिक संगीतको हाल धरोहर बनेका छन् । सबैको प्रिय मान्छे बनेका छन् । सबैको नजरमा रिसाउन नजान्ने मान्छेको परिचय बनाएका छन् । प्रतिविम्ब समूहको इतिहास बोकेका राजु सिंहले इतिहास पनि बिर्सेका छैनन् । प्रतिविम्बलाई माथि उठाउने जिम्मेवारी बोकेका साथीहरु लालापाखा लागे पनि प्रतिबिम्बको जिउँदो इतिहास भएर रहन सफल भएका छन् । हुन त राजु सिंहको निरन्तरताको प्रतिफल पनि हो ।

आज नेपाली समसामयिक संगीत क्षेत्रमा राजु सिंहलाई नचिन्ने कमै होलान् । कलेजका विद्यार्थीदेखि एफएम रेडियो सुन्ने पसलेका समेत प्रिय संगीतकार बनेका उनलाई घमण्ड कुन चराको नाम हो थाहा छैन । घमण्ड गर्न जानेको मान्छे नै जस्तो लाग्दैन उनी । उनको जीवनसंगी रीता कार्की यस्तै भन्छिन्- 'उहाँको नेचर नै गजबको लाग्छ ।'

निश्चय पनि आम संगीतकर्मीभन्दा भिन्न स्वभावका राजु सिंहसँग काम गर्न सजिलो छ । सबैलाई उस्तै व्यवहार गर्न जानेका उनी सबैको प्यारो बन्नुको पछाडि शायद यो रहस्य हुनसक्छ । उनका सहकर्मीहरु पनि त्यसै भन्छन् । अर्कोतर्फ उनी कर्ममा विश्वास गर्ने ठूलो हुँ भन्ने पटक्कै घमण्ड नबोकेको तपस्वी पनि छन् । संगीतको सागरमा टल्किरहेको मोती, जुन मोती यतिखेर नेपाली संगीतको सुवास बनेको छ ।

नाम कमाउन वर्षौं-वर्षको मेहनत लाग्ने गर्दछ । राजु सिंहले पनि यो नाम बनाउन अठार वर्ष खर्च गर्नुपरेको छ । यसलाई टिकाउन अरूलाई जस्तो उनलाई पनि गाह्रो छ । गाह्रो भएर होला- आम संगीतकर्मीभन्दा फरक भएर हिंड्ने प्रयासमा छन् । यसमा उनी सफल पनि देखिएका छन् । त्यो सफलताको चुलीमा राष्ट्रकवि माधव घिमिरेदेखि तन्नेरी पुस्ताका गीतकारसम्मका प्रिय बनेका छन् । वरिष्ठ गायक-गायिकादेखि कनिष्ठ गायक-गायिकासम्म पनि उनीसँग काम गर्दा सजिलो लाग्ने मात्र नभई निक्कै सहज लाग्ने भनिरहेको अवस्था रहेको छ ।

# शुभ होस् नयाँ वर्ष

नयाँ वर्ष २०७१ का अवसरमा सम्पूर्ण ग्राहक वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै नयाँ वर्षले सम्पूर्ण नेपालीमा सुखशान्ति र समृद्धि ल्याओस् भन्ने कामना पनि गर्दछौं ।

**कोशी ग्यास उद्योग**
निमुवा, मोरङ

**सुविधा ग्यास उद्योग**
सुनसरी

**रिजालको भान्साघर ग्यास**
निमुवा, मोरङ

**कामाक्ष ग्यास उद्योग**
सुनसरी

**प्रिया ग्यास उद्योग**
सुनसरी










Radio Sarangi 101.3 MHz, Indrapur-8, Biratchowk, Morang
+977 021 546063, 546073
CORPORATE OFFICE : **Radio Sarangi Network**
Babarmahal, Kathmandu, Nepal, Ph.: 01-4241202
www.radiosarangi.com, info@radiosarangi.com







**Wood Carving Industries Pvt. Ltd.**
Patan Industrial Estate, Lagankhel, Lalitpur, Nepal
Tel:977-1-5521447, 5523768 Fax: 977-1-5527730
Email: info@woodcarving.com.np

www.woodcarving.com.np

नयाँ वर्ष २०७१ का अवसरमा सम्पूर्ण ग्राहक वर्गमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै यो नयाँ वर्षले सम्पूर्ण नेपालीमा सुखशान्ति र समृद्धि
ल्याओस् भन्ने कामना पनि गर्दछौं ।

# नयाँ वर्षको हार्दिक शुभकामना


**सत्कार ज्वेलरी**

भगवतीस्थान, ठमेलमार्ग-२९
फोनः ०१-४४१६९१२, ०१-४४१७४२१
मोबाइलः ९८५१०४३२०८
Email: satkarjewellery@gmail.com

## Wide coverage of more than 20 districts from Himal to Terai



- Operating Since 2007
- Cent Percent Yours
- High Technology Transmission



**Our sector of interest:**

- Tourist Guide
- Consumer Guide
- Development Guide
- Entertainment Guide
- News/Information Guide

**Coverage beyond border via www.cfmonair.com with 100,000 listeners/visitors.**

capitalFM™ 92.4 cent percent yours.....

P.O.Box.11276
Thapagaun, New Baneshwor, Kathmandu
Ph.01-4475345/01-4475346
Email: info@cfmonair.com

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१


# Here Understand China Better




INAUGURAL PRICED EDITION

Issue 07 | February 2014 | 8 Pages | Rs. 10.00

Subcription

Tel: 4434475

Mobile: 9818852676

Email: xinhuaktm@gmail.com

## A New Window, A New Platform

**Share Your Story**

**Promote Your Brand**

APD
ASIAPACIFIC DAILY

XINHUA

新华社
加德满都分社
सिन्हवा न्युज एजेन्सी
काठमाण्डौं